म.जि. प्र. का. द.नं. : १०६/०६८, वर्ष ११, अंक ३४० सोमबार २ साउन २०७९ ने. सं. ११४२ दिल्लागा 18 July, 2022 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्य: रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

# साझाकुरा राष्ट्रिय दैनिक

www.sajhakuranews.com

## मामाघर नेपाललाई खाद्यान्न सहयोग

हेटौंडा, १ साउन/ पूर्वसडक बालबालिकाहरुलाई आश्रय दिँदै आएको हेटौंडा उपमहानगरपालिका-११, थानाभञ्याङस्थित मामाघर नेपाललाई खाद्यान्न सहयोग जुटेको छ ।

सहयोगबाट सञ्चालित मामाघरलाई ग्रामीण विकास लघुवित्त वित्तीय संस्था लिमिटेड बागमती प्रदेश कार्यालय हेटौंडाले सामाजिक उत्तरदायित्वअन्तर्गत् खाद्यान्न सहयोग गरेको हो । संस्थाले चामल १ हजार ५ सय किलो, दाल २० किलो, तेल १ कार्टुन, अण्डा ३ क्रेट, चीउरा ५ किलो, बेसार १ किलो, मसला १ किलो, दालमोठ २ प्याकेट, बिस्कुट ४ प्याकेट, हर्लिक्स ५ वटा, नुन ४ प्याकेट, ब्रस २० थान, मन्जन १५ थान, लुगा धुने साबुन १ कार्टुन, नुहाउने साबुन १ कार्टुन, हर्पिक ५ थान, फिनायल ५ थान, ट्वाइलेट ब्रस ३ थान, क्लिनर २ थान, झाडु ४ थान सामग्री सहयोग गरेको हो । हेटौंडा-११ की वडा अध्यक्ष जुना दाहालको प्रमुख आतिथ्यतामा भएको खाद्यान्न सामग्री हस्तान्तरण कार्यक्रममा कार्यालयका प्रमुख उद्धवराज उपाध्यायसहित संस्थाका सदस्यहरुको उपस्थिति थियो । एकता, समानता, सहकारिता, मिलनसारिता र महिला सशक्तीकरणलाई जोड दिई क्रियाशिल वित्तीय संस्थाको सहयोगले निकै राहत मिलेको मामाघर नेपाल मकवानपुरले जनाएको छ ।

## फोहोरबाट बिजुली निकाल्ने मेसिन
# 'नपत्याएको की नचाहेको ?'

साझाकुरा संवाददाता

हेटौंडा, १ साउन/ नेपालका प्रमुख सहरहरुको अहिले मुख्य समस्या भनेको फोहोर व्यवस्थापन बनेको छ । काठमाडौं, पोखरा, हेटौंडा, नारायणगढलगायतका ठूला सहर फोहोर व्यवस्थापनको चुनौती सामना गरिरहेका छन् ।

सफा सहर निर्माण गर्न जनप्रतिनिधिहरुलाई दबाब बढिरहँदा यसको व्यवस्थापन कसरी गर्ने भन्नेबारे उनीहरुलाई टाउको दुखाई बनिरहेको छ । काठमाडौंको फोहोर व्यवस्थापनमा मेयर बालेन्द्र शाहलाई चुनौती छ । बञ्चरेडाँडा र सिसडोलमा फोहोर थुपार्न उनले सुरक्षा निकाय नै लगाउन पऱ्यो । अहिले काठमाडौंका सहरबाट फोहोर नउठ्दा सडकपेटीमै फोहोरको थुप्रो लागेको छ । नलागोस् पनि किन ? फोहोर व्यवस्थापन गर्न भन्दै यसअघि खरिद गरिएको फोहोरबाट बिजुली निकाल्ने मेसिन बेवारिसे छ । फोहोरबाट बिजुली निकाल्ने भन्दै करोडौं खर्च गरेर २०७३ सालमै किनिएका मेसिनहरु अलपत्र छन् ।

काठमाडौं जतिकै फोहोर व्यवस्थापनको चुनौती वीरगञ्ज महानगरपालिकालाई पनि छ । वीरगञ्जसँगै जनकपुर, धनगढी, पोखरा, इटहरी, विराटनगर, बनेपालगायत थुप्रै सहरमा फोहोर अत्रतत्र फालिएको पाइन्छ । जसमध्ये पोखरा र हेटौंडा उपमहानगरपालिकाले फोहोरको डम्पिङ साइट बनाएर व्यवस्थापन गरिरहेका छन् । हेटौंडामा पनि पछिल्लो समय प्रदेश राजधानी कायम भएपछि जनघनत्व बढेका कारण फोहोरको मात्रा बढ्दैछ । हेटौंडालाई आगामी दिनमा फोहोर व्यवस्थापनको पाटो टाउको दुखाई बन्ने निश्चित छ ।

देशका अधिकांश सहरले फोहोर व्यवस्थापनबारे उचित योजना ल्याउन नसक्दा सहर कुरुप बन्दै गएका छन् । उनीहरुले फोहोरबाट बिजुली र कम्पोष्ट मल उत्पादन गर्न सक्ने उपकरण



नेपालमै निर्माण भइरहँदा पनि यसको वेवास्ता गरिरहेको पाइएको छ । फोहोरबाट बिजुली र कम्पोष्ट मल उत्पादन गर्न सक्ने मेसिन हेटौंडा-८ कमानेमा कृष्णप्रसाद खतिवडाले निर्माण गरिरहेका छन् । फोहोरबाट बिजुली र सिमेन्ट बनाउन प्रयोग हुने क्लिंकरसँगै कम्पोष्ट मलसमेत उत्पादन हुने उपकरण खतिवडाले विगतदेखि नै निर्माण गर्दै आइरहेका हुन् । खतिवडाले चार वर्षदेखि जापानी प्रविधिको उपकरण निर्माण गर्दै विदेश निर्यात गर्दै आएका हुन् ।

उनको उपकरण हेर्न बागमती प्रदेशका मुख्यमन्त्री राजेन्द्र पाण्डेदेखि काठमाडौंका मेयर बालेन्द्र शाह, पोखराका मेयर धनराज आचार्यसम्म आइसकेका छन् । यसअघि उनको उपकरण हेर्न काठमाडौंकै एक कर्मचारीको टोली हेटौंडा आएको थियो । तर, उनीहरुले पछि खबर गर्छु भनेर फर्किएपछि कुरा नभएको खतिवडा बताउँछन् । केही समयअघि उपकरणको निरीक्षण गर्न पुगेका मुख्यमन्त्री पाण्डेले फोहोरमैलाको व्यवस्थापनको जिम्मा स्थानीय सरकारको रहेपनि आफूलाई जिम्मा दिएमा यस्ता मेसिन जडान गरेर समस्याको निराकरण गर्न सकिने उल्लेख गरे । तर, उनले भनेजस्तो स्थानीय सरकारले अहिलेसम्म उक्त उपकरण खरिद गरेका छैनन् । कयौंपटक हेर्न आएर मोलमोलाई गरेपछि फर्किएन कुनै निकाय नआएको खतिवडा बताउँछन् ।

मेसिनले फोहोरमा भएका टिन, फलामलगायतका बस्तु छानेर अलग गर्छ । कुहिने तथा नकुहिने फोहोर प्रशोधन गरेर ऊर्जा उत्पादन, क्लिंकर, पत्थर कोइला र कम्पोष्ट मललगायत सामग्री उत्पादन हुने खतिवडाले जानकारी दिए । नेपालमा वातावरणमैत्री छ भनेर प्रमाणपत्र दिन मिल्ने कानुनमा नै व्यवस्था नभएको कारण आफ्नो उत्पादन जापान लगेर जापानको नाम दिएर अन्य मुलुकमा बिक्री गर्नुपरेको दुखेसो खतिवडाको छ । नेपालको निर्यातसम्बन्धी कानुनले आफूलाई समस्या बनाइरहेको उनको गुनासो छ । नेपालभित्र व्यापार गर्ने अनुमति भए पनि हालसम्म कुनै पनि निकायले खरिद नगरेको उनको भनाइ छ । यद्यपि बनेका मेसिन भने जापान पठाएर बिक्री भइरहेको उनले बताए ।

मेसिनले फोहोर परिमार्जन प्रक्रियामा निस्कने ग्यासलाई तापक्रम दिएर निस्क्रिय बनाइदिन्छ । शुद्ध हावामात्र वायुमण्डलमा छोड्छ । सो मेसिनले एक घण्टामा दुई टन फोहोर व्यवस्थापन गर्ने र उक्त प्रक्रियाबाट ०.५ मेगावाट बिजुली उत्पादन हुने खतिवडाले जानकारी दिए । उनका अनुसार कुहिने फोहोरबाट पत्थर कोइला बन्ने र नकुहिने फोहोरबाट भने क्लिंकर निस्कन्छ जसबाट सिमेण्ट उत्पादन गर्न सकिन्छ । मेसिनभित्र जडान भएका सिस्टमले फोहोर छान्ने, पिस्ने, सुकाउने र उत्पादन गर्ने कार्य गर्ने हुनाले फोहोर व्यवस्थापन सहजै गर्न सकिने उन्ले बताए । मेसिनले प्लाष्टिकजन्य फोहोरलाई जलाउने नभएर रासायनिक प्रक्रियाबाट नष्ट गर्ने भएकाले पनि यो वातावरणमैत्री भएको खतिवडाको दाबी छ ।

नेपालभित्र बेच्ने अनुमति भएपनि सरकारले प्रमाणपत्र नदिएको कारण विदेश पठाउन समस्या हुने गरेको खतिवडाले बताए । नेपालमा प्रयोग गर्नपर्ने अवस्था भए पनि हालसम्म कुनै पनि निकायले प्रयोग नगरेका कारण आफूलाई दु:ख लागेको उनको भनाइ छ । 'मेशिन हेर्न आउँछन्, हेर्छन्, जान्छन् किन्ने कुरै गर्दैनन्', उनले भने- 'मेशिनले काम गर्ने विषयमा उनीहरुले नपत्याएको हो कि किन्नै नचाहेको हो बुझ्न सकिनँ ।' यो मेशिन जडान गर्न सके जनताले फोहोरको समस्याबाट निश्चिन्त भएर बस्न सक्ने उनले बताए ।

## करेन्ट लागेर एक जनाको मृत्यु

हेटौंडा, १ साउन/ मकवानपुरगढी गाउँपालिकामा घरको छत ढलान गर्ने क्रममा करेन्ट लागेर एक जनाको मृत्यु भएको छ ।

पर्सा जगनाथपुर गाउँपालिका-४ घर भएका २८ वर्षीय नन्दुराम हजाराको करेन्ट लागेर मृत्यु भएको जिल्ला प्रहरी कार्यालय मकवानपुरका प्रहरी नायव उपरीक्षक टेकबहादुर कार्कीले जानकारी दिए । शनिबार मकवानपुरगढी गाउँपालिका-३ स्थित रामप्रसाद सञ्जेलको घरको छत ढलान गर्ने क्रममा मृतक हजाराले भाइब्रेसन मेसिन चलाइरहेका थिए । मेसिन चलाउने क्रममा अचानक करेन्ट लाग्दा उनी गम्भीर घाइते भएका थिए । उनको उपचारको क्रममा हेटौंडामा मृत्यु भएको मकवानपुर प्रहरीले जानकारी दिएको छ ।

**हेटौंडा अस्पतालमा अब मोबाइलबाटै टिकट**

**अर्काको चेकबाट १० लाख पैसा झिक्ने पत्रकार पक्राउ**

पृष्ठ ४ मा

# साढे १७ करोडको काठ दाउरा वनमै अलपत्र

साझाकुरा संवाददाता

हेटौंडा, १ साउन/ बागमती प्रदेशमा साढे १७ करोडभन्दा बढी मूल्य बराबरको काठ दाउरा अलपत्र हुँदा कुहिने अवस्थामा पुगेको पाइएको छ ।

बागमती प्रदेशअन्तर्गत्का ११ डिभिजन वन कार्यालयमा गरेर १६ करोड ३५ लाख बढीको काठ र १ करोड २६ लाख बढी मूल्यको चट्टा दाउरा अलपत्र रहेको महालेखा परीक्षकको कार्यालयले आफ्नो प्रतिवेदनमा उल्लेख गरेको छ । डिभिजन वनहरुले वर्षौंदेखि वनमै काठ घाटगद्दी गरेर राखेका कारण कुहिने अवस्थामा पुगेका हुन् । आर्थिक वर्ष २०७७/०७८ सम्ममा करोडौं रुपैयाँ मूल्य बराबरका काठ जंगलमा नै कुहिने अवस्थामा पुग्दा पनि सम्बन्धित वन कार्यालयहरुले चासो नदिएको महालेखाले उल्लेख गरेको छ ।



'प्रदेशअन्तर्गत्का ११ डिभिजन वन कार्यालयमा गत वर्षको मौज्दात सात लाख ११ हजार एकसय ६२ क्यूफिट र यसवर्ष कटान चार लाख ८७ हजार छसय ९२ क्यूफिटसहित सालका ११ लाख ९८ हजार आठसय ५५ क्यूफिट तथा अन्य जातका गतवर्षको मौज्दात ४८ हजार दुईसय ३५ क्यूफिट र यसवर्ष कटान दुईलाख ३० हजार तीनसय ७७ क्यूफिटसमेत दुईलाख ७८ हजार छसय तीन क्यूफिट काठ रहेको छ', महालेखाले प्रतिवेदनमा जनाएको छ । आव २०७७/०७८ मा छ लाख ६१ हजार सातसय ६८ क्यूफिट तथा अन्य जातका दुई लाख ३७ हजार पाँचसय ५१ क्यूफिट बिक्री गरी पाँच लाख ३७ हजार ८८ क्यूफिट साल तथा ४१ हजार ५१ क्यूफिट अन्य जातका काठ मौज्दात रहेको जनाइएको छ ।

मौज्दात विवरण अनुसार १६ करोड ३५ लाख ४८ हजार मूल्यको दुई सय ९२ क्यूफिट र एक करोड २६ लाख ३७ हजार मूल्यको सात सय २७ चट्टा दाउराको मौज्दात रहेको महालेखाले जानकारी दिएको छ । वर्षौंदेखि कटान भई मौज्दात रहेका काठहरु नै बिक्री भई नसकिएको हो । मौज्दात रहेका काठ दाउरा समयमै लिलाम बिक्री नगर्दा घामपानीको कारणले गुणस्तरमा ह्रास आई प्रयोगमा ल्याउन नसकिने र बिक्रीबाट राजस्व आम्दानी घट्न जानेतर्फ महालेखाले औंल्याएको छ । महालेखाले वन तथा वातावरण मन्त्रालयलाई समयमै लिलाम बिक्री गरी आम्दानी गर्नेतर्फ ध्यान दिन सुझाव दिएको छ ।

## एन्फा उपमहासचिव गणेश थापाका छोरा हुने चर्चा

हेटौंडा, १ साउन/ अखिल नेपाल फुटबल संघ (एन्फा)मा लामो समय रजगज गरेको कलम र गणेश थापा परिवारको पुन: इन्ट्री हुने भएको छ ।

विश्व फुटबल महासंघ (फिफा)बाट १० वर्ष फुटबल सम्बन्धि गतिविधिबाट प्रतिबन्ध लागेको एन्फाका पूर्वअध्यक्ष मकवानपुरे गणेश थापाका छोरा उपमहासचिव बन्ने भएका हुन् । एन्फा प्रथम उपमहासचिव पदमा गणेशका छोरा गौरब थापालाई बनाउने सहमति भएको जनाइएको छ । उनलाई उपमहासचिव बनाउनका लागि एन्फा नेतृत्व तयार भएको बुझिएको छ । आज सोमबार हुने एन्फा कार्यसमिति बैठकबाट गौरबको निर्णय हुने जनाइएको हो ।


एन्फामा राप्रपा नेपालका अध्यक्षसमेत रहेका कमल थापाले लामो समय नेतृत्व गरेका थिए । गणेश थापा कमल थापाको सहोदर भाइ हुन् । दाईपछि गणेशले एन्फाको नेतृत्व सम्हालेका थिए । कमल र गणेश दुवै पूर्वराष्ट्रिय टोलीका खेलाडी हुन् । थापालाई फिफाबाट लागेको प्रतिबन्ध अझै फुकुवा भएको छैन ।

**सम्पूर्ण ब्राण्डका गाडी**
**एकै ठाउँमा सम्पूर्ण सेवासहित**

**सेवाहरू:**

- कार वास भित्र/बाहिर
- वाइरिङ मर्मत
- A/C मर्मत तथा ग्याँस रिफिलिङ
- सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
- डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक बेल्डिङ
- टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
- इन्जिनसम्बन्धी सबै काम

**Himalayan Motors Pvt.Ltd.**
हेटौंडा, चौकीटोल, सम्पर्क नं.: ०५७-५९०३३३



साझाकुरा

## हाम्रो कुरा

# बेरुजू घटाउन कटिबद्ध हुनुपर्छ

नेपाल संघीय लोकतान्त्रिक गणतन्त्रमा गएसंगै स्थापना भएको स्थानीय तहको सरकारले जनताको समस्या नजिकैबाट समाधान गर्ने र देशमा सुशासन स्थापना हुने दृढ विश्वास नेपाली जनतामा थियो । एकात्मक राज्य व्यवस्थाबाट संघीयतामा गएपछि सिंहदरबारको अधिकार घरघरमा पुग्ने अपेक्षा आम जनतामा थियो । जनताद्वारा प्रत्यक्ष निर्वाचित प्रतिनिधिहरुले जनताको काम छिटोछरितो गर्नुका साथै विकासे अभियानहरुको मूल फुट्ने अपेक्षा आम जनताको थियो । तर, देश संघीयतामा गएसंगै बनेको नयाँ सरकारहरुले काम गर्ने क्रममा आर्थिक अनियमितता तथा बेमनासिव तरिकाबाट हुने गरेका खर्च घटाउनु पर्नेमा झन् बढाउनतिर लागेको भान भएको छ । पछिल्लो समय महालेखा परीक्षकको कार्यालयले सार्वजनिक गरेको आर्थिक वर्ष २०७६/०७७ र २०७७/०७८ को प्रतिवेदनमा मकवानपुर जिल्लाका दशै स्थानीय तहमा बेरुजू चरम मात्रामा रहेको खुलाएको छ ।

प्रचलित कानूनबमोजिम पुऱ्याउनुपर्ने रीत नपुऱ्याई कारोबार गरेको वा राख्नुपर्ने लेखा नराखेको तथा बेमनासिव तरिकाले आर्थिक कारोबार गरेको भनेर लेखापरीक्षण गर्दा औंल्याइएको कारोबार नै 'बेरुजू' हो । यस्ता बेरुजू कारोबार अब जनप्रतिनिधि भएको संस्थामा क्रमशः घट्दै जानुपर्छ । तर, बेरुजू कारोबार क्रमशः बढेको तथ्याङ्कले देखाएको छ । महालेखाको प्रतिवेदन अनुसार आव २०७६/०७७ मा कूल ५७ करोड ७३ लाख ८२ हजार बेरुजू रहेको मकवानपुरमा २०७७/०७८ मा बढेर कूल ६६ करोड ८६ लाख ६९ हजार रुपियाँ पुगेको छ । जिल्लाका दश पालिकामध्ये हेटौंडा उपमहानगरपालिका, बकैया गाउँपालिका, बागमती गाउँपालिका र मनहरी गाउँपालिकाले आव २०७६/०७७ भन्दा २०७७/०७८ मा बेरुजू घटाएका छन् भने भीमफेदी गाउँपालिका, थाहा नगर पालिका, ईन्द्रसरोबर गाउँपालिका, कैलाश गाउँपालिका, मकवानपुरगढी गाउँपालिका, राक्सिराङ्ग गाउँपालिकाको बेरुजू रकम बढेको छ ।

समग्र जिल्लाको बेरुजू बढेको अवस्थामा केही पालिकाले बेरुजू घटाउन संयम भएको देखिएको छ । त्यसमध्ये पनि प्रतिशतकै हिसाबले हेर्ने हो भने मनहरी गाउँपालिकामा सबैभन्दा बढी १० दशमलव २५ प्रतिशत बेरुजू देखिएको छ । यो अवस्थालाई अब सुधार गर्नुपर्ने देखिन्छ । जनताको सेवा वा विकास गर्ने नाममा प्रचलित कानूनभन्दा बाहिर गएर खर्च गरिँदा भ्रष्टाचार गरेको ठहरिन्छ । जनताले चाहेको शासन व्यवस्थामा यस्ता बेथितिहरुलाई स्थानीय सरकारले बेलैमा रोक्न सकेन भने व्यवस्थाप्रति नै जनताको असन्तुष्टि बढ्न सक्नेतर्फ संवेदनशील हुँदै बेरुजू घटाउन स्थानीय तह कटिबद्ध भएर लाग्नुपर्ने देखिन्छ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

| मकवानपुर प्रहरी | | एम्बुलेन्स सेवा | |
|---|---|---|---|
| प्रहरी कन्ट्रोल: | १०० | नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| जिल्ला ट्राफिक: | ५२०५९९ | हेटौंडा अस्पताल: | ५२०३०५ |
| वडा प्रहरी: | ५२०२९९ | परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| पशुपतिनगर इलाका: | ५२०५९८ | मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| पालुङ इलाका: | ६२०४६७ | छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| मनहरी इलाका: | ९८५५०९०१६१ | भीमफेदी रेडक्रस: | ६२०६९९ |
| इलाका फापरबारी: | ६२१९८० | पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| इलाका भीमफेदी: | ६९१४६२ | बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ | सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९१९४ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ | बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| चित्लाङ चौकी: | ६९२००० | बारुण यन्त्र: | १०१ |
| चौघडा चौकी | ९८४४०५४६०४ | बाल हेल्पलाइन नेपाल: | १०९८ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ | माइती नेपाल: | ५२१०५० |
| फाखेल चौकी: | ९८४५०३१३९८ | अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ | | |

सार्वजनिक हितको लागि साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०७९ साउन ३ गते मंगलबार १९ जुलाई २०२२ । श्रावण कृष्णपक्ष षष्ठी । दिल्लागा ११४२ । सूर्योदय: ५:१९, सूर्यास्त: ७:०० मा हुनेछ ।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| **मेष** | : शैक्षिक कार्यमा सफलता | **तुला** | : सहयोगीहरूले राम्रो साथ दिनेछन् |
| **वृष** | : परिवारमा विवाद | **वृश्चिक** | : रोकिएका काम बन्नेछ |
| **मिथुन** | : खिन्नता रहने | **धनु** | : व्यापारमा विशेष फाइदा हुनेछ |
| **कर्कट** | : शैक्षिक कार्यमा सफलता | **मकर** | : शत्रु सजिलै हराउन सकिनेछ |
| **सिंह** | : आफन्तबाट सहयोग | **कुम्भ** | : अनावश्यक झंझट बृद्धि |
| **कन्या** | : शत्रुबाट बाधा सृजना | **मीन** | : आरोप प्रत्यारोपको सामना |

# विप्लव नै क्रान्ति र क्रान्ति नै विप्लव



✍ सुमन सिंह

आज हामीले भूमण्डलीकृत साम्राज्यवादसँग लड्नु परेको छ । अर्थात नेपालको सत्ता पल्टाउनु भनेको सारमा भूमण्डलीकृत साम्राज्यवादविरुद्ध धावा बोल्नु हो । नेपालमार्फत् विश्वव्यापी रूपमा धावा बोल्नु हो । नेपालमा क्रान्ति हुनु आफैँमा विश्वलाई साम्यवादतर्फ प्रविष्ट गर्ने अपिल गर्नु हो । यसै कारण नेकपा महासचिव विप्लवले पार्टीको ११औं केन्द्रीय समितिको बैठकमा पेश गर्नुभएको प्रस्तावमा हाम्रो जिम्मेवारी युग प्रवर्द्धक बन्ने स्तरमा छ भनेर संश्लेषण गर्नुभएको छ । हामीले उक्त मर्मलाई गहिरोगरी बोध गर्नैपर्छ । पार्टीले बहुध्रुव वा दुई ध्रुवीय विश्वबारे गरेको संश्लेषण युक्रेन युद्धसम्म पुग्दा व्यवहारिकरूपमा पुष्टि भएको छ । अमेरिकनहरूले नेपालको संसद्रुबाट एमसीसी पास गराएपछि नेपालमा पनि कित्ताबन्दीको आरम्भ भएको छ । संसद्रुबाटै एमसीसी पास भएपछि सतहमा देखिएको तीव्र असन्तुलन र संसद्रुवादी दल र नेताहरूको आत्मसमर्पणकारी व्यवहारले क्रान्तिकारी शक्ति, देशभक्त र न्यायप्रेमी जनताको आवाज एकै प्रकारले गुन्जिन थालेको छ । र, पुँजीवादी साम्राज्यवादीहरूका हस्तक्षेपविरुद्ध एउटा विशाल ध्रुवीकरणको सम्भावना देखा परेको छ ।

तिब्बतलाई गिजोल्ने र नेपाली भूमिको प्रयोग गरेर चीनविरुद्ध लड्न एउटा दर्बिलो 'फोर्टीफिकेसन' नेपाललाई बनाउने अमेरिकाको योजना र यसलाई विफल पार्ने नेपाली जनताको योजना सतहमा पर्दापण भैसकेको छ । त्यसैले लडाइँ आमने-सामने बन्दै गएको र एउटा भयानक लडाइँ नेपाली जनताले लड्नु पर्ने सुनिश्चित जस्तै देखिन्छ । राष्ट्रघाती तथा जनघाती दलाल पुँजीवादी संसदीय सत्ता अमेरिकन कठपुतली सत्ता हो । यो सत्ताविरुद्ध जनताको आक्रोश तीव्र छ । चौतर्फी बदनाम बन्दै आएको यो सत्ता कुनै पनि मूल्यमा ध्वस्त हुनैपर्छ । अन्यथा यो देशले भयंकर संकटको सामना गर्नुपर्ने देखिन्छ । आईपिएसको योजना बोकेर आएको एमसीसी परियोजना खारेज गर्न अनिवार्य छ । र, यो नेपाली जनताको निम्ती मात्र होइन चीनको निम्ती पनि उत्तिकै अनिवार्य छ । यसलाई खारेज गर्न देशभक्त नेपाली जनताले यथास्थितिलाई भत्काएर आफ्नो सत्ता जन्माउन अनिवार्य छ, अन्यथा यो असम्भव छ ।

आफ्नो संकट समाधान गर्न विप्लव व्यक्तित्वलाई सिद्ध्याउनु अमेरिकी स्वार्थको प्रमुख काम बन्न पुगेको छ । यसलाई परास्त गर्न आवश्यक छ । चौतर्फी नेपाली जनतामा मडारिएको विद्रोही मनोविज्ञान र आगामी दिनमा अमेरिकन ध्रुवले नेपालमा सामना गर्नुपर्ने आँधीबेहरीपूर्ण प्रतिरोधबाट उक्त ध्रुव त्रसित छ । त्यसैले उक्त ध्रुव जनताको आक्रोसलाई मोड्न रवि लामिछाने र यस्तै छद्‌म प्रकारको फ्याक्टरलाई अगाडि सार्दै नयाँ योजनासहित मैदानमा आएको छ । निरन्तर संसदीय पुँजीवादी सत्ताविरुद्ध संघर्ष गर्दै आएको क्रान्तिकारी पार्टी, विचार र नेतृत्व वरिपरि देशभक्त, परिवर्तनकामी र क्रान्तिकारी जनताको ध्रुवीकरण हुनसक्ने र त्यसले नै नयाँ सत्ता जन्माउने र देशको नेतृत्व रक्षा गर्ने तागत राख्ने देखेपछि उनीहरू नेपाल कम्युनिस्ट पार्टी र यस पार्टीको नेतृत्व महासचिव विप्लवका अभिव्यक्तिविरुद्ध चौतर्फी हमला र आक्रमणमा उत्रिएका छन् । यो हमला किन भैरहेको छ ? यसलाई आम नेपाली जनताले परास्त गर्न किन आवश्यक छ र हामीले आगामी सम्भावनाको परिचालनमा कस्तो पहलकदमी लिनुपर्ला थोरै चर्चा गर्न आवश्यक ठानेको छु ।

**विप्लव व्यक्तित्वविरुद्ध हमला**

अहिले विश्व पुँजीवादको गुदी कर्पोरेट हाउस र केही व्यक्तिहरूमा व्यक्त हुन्छ । केही खर्बपतिको पञ्जामा विश्व राजनीति पुगेको छ । विचार, सिद्धान्तको मामलालाई साधारण विषय बनाएर पुँजीवादले व्यक्ति र व्यक्तित्वलाई विभिन्नरूपमा अगाडि सारेको छ । यसको असर र प्रभाव विश्वभरिका जनतामा छ । संसारका उद्योगपति भनौ वा राजनीतिज्ञ पुँजीवादले सबैलाई देवत्वकरण गर्दै सिंगो राजनीति नै व्यक्ति केन्द्रित छ । व्यक्ति नै दर्शन, सिद्धान्त सबैथोक हो जसरी प्रस्तुत गर्दै आएको छ । नेपालका संसद्रुवादीकै कुरा गर्ने हो भने- केपी ओली नै एमाले वा एमाले नै केपी, प्रचण्ड नै माके वा माके नै प्रचण्ड, शेरबहादुर नै कांग्रेस वा कांग्रेस नै शेरबहादुर जस्तो ठान्ने अवस्थामा आम जनतालाई पुऱ्याइँदै छ । यो पुँजीवादीहरूको सुविचारित कदम हो । समाजमा विचार, सिद्धान्त, खोज, अनुसन्धानको क्षेत्रलाई कमजोर पार्न उद्धत दलाल पुँजीवाद नेपाल कम्युनिस्ट पार्टीको आन्दोलन र खोज अनुसन्धानसहित तयार हुँदै गएको क्रान्तिकारी र देशभक्त शक्तिबीच पैदा भएको बहसबाट अत्तालिन पुगेको छ । दलाल पुँजीवाद आफूले खडा गरेका पात्रहरूलाई सबैथोक हो भन्ने भ्रम जालमा जनतालाई पार्न कोसिस त गर्छ । तर दलाल पुँजीवादविरुद्ध खडा भएको क्रान्तिकारी धार र त्यसको नेतृत्वलाई पनि जनताले ठीक त्यसरी नै बुझ्ने भए । सोही कारण यो देशमा विप्लव नै एक क्रान्तिकारी र देशभक्त नेता हो भन्ने छवि जनताको नजरमा बन्यो । अर्थात विप्लव नै क्रान्ति वा क्रान्ति नै विप्लव जस्तो बन्न पुग्यो । विप्लव क्रान्तिको पर्यायको रूपमा जनताको नजरमा बन्नुभयो । र , यो निगम पुँजीवादी अर्थ सम्बन्ध र त्यसले नेता नामक पात्रहरूलाई बुझ्न जनतामा बन्न पुगेको मनोविज्ञानको उपज थियो । अर्थ सम्बन्ध र यसले जनतामा पैदा गर्ने चेतना उस्तै गरी सार्वभौम बन्नु स्वाभाविक थियो । नेपालमा संसद्रुवादी नेता र केही पात्रहरूलाई जसरी जसरी उचालियो दलाल पुँजीवादविरुद्ध संघर्षको मैदानमा भएको नेतालाई पनि जनताले आफ्नो मसिहा, हिरो, दुःख मोचकको मानक बनाए । नेपाल कम्युनिस्ट पार्टी खोज, अनुसन्धान र बृहत् बहस र संघर्षमा रहेको पार्टी भएकोले यसले जनतालाई जागरुक गराउन, प्रतिरोधको निम्ती तयार गर्न र जनताको विश्वासको नेतृत्व गर्दै अमेरिकन स्वार्थलाई धुलो चटाउने निश्चित छ । अमेरिकन स्वार्थको सबैभन्दा ठूलो तगारो नै नेपाल कम्युनिस्ट पार्टी र विप्लव व्यक्तित्व बन्न पुगेको छ । जनताको नजरमा बनेको विप्लव व्यक्तित्वलाई ध्वस्त नपारी आफ्नो संकट समाधान नहुने ठानी अमेरिका र विश्व पुँजीवादविरुद्ध नेपालमा संगठित बनेको क्रान्तिकारी कम्युनिस्ट आन्दोलन र विप्लव व्यक्तित्वलाई चौतर्फी आक्रमण गर्न अगाडि आएको छ । आफ्नो संकट समाधान गर्न विप्लव व्यक्तित्वलाई सिद्धयाउनु अमेरिकन स्वार्थको प्रमुख काम बन्न पुगेको छ । यसको निम्ती उसले हाम्रो पार्टीमा घुस्ने छिद्र खोजेर ढुकिरहेको थियो । एउटा चुनाव नामको अस्थायी कार्यनीतिलाई पार्टीले प्रयोग गर्दा त्यसैमा खेल्दै केही पात्रहरूलाई उक्साउँदै, चौतर्फी अनर्गल, फुट र कपोकल्पित प्रचार गराउँदै जनतालाई भ्रमित गर्ने कोसिस गऱ्यो । केही हदसम्म यो अमेरिकन मिसन सफल भए जस्तो कसैलाई भान भए पनि उसले आफ्नो खुट्टामा आफैं बन्चरो चलाइरहेको स्पष्ट छ । पुँजीवाद आफ्नै कारण पैदा भएको संकट समाधान गर्न आफै सक्षम छैन । अबको दुनियाँ वैज्ञानिक समाजवाद- साम्यवादको दुनियाँ हो । यसलाई विश्वभरिका न्यायप्रेमी जनता र अमेरिकन ध्रुवविरुद्ध खडा हुँदै गएका उत्पीडित र शक्तिराष्ट्रहरूको समर्थन प्राप्त हुने सुनिश्चित र अनिवार्य छ । विप्लव व्यक्तित्व पुँजीवादी युग बदल्ने समयको नेता भएको हुनाले विश्व पुँजीवादले यो व्यक्तित्व र यसको वरिपरि ध्रुवीकृत हुने विशाल आन्दोलनको कडा प्रतिरोध सामना गर्न र पराजित हुन तयार हुनैपर्छ ।

***विप्लव व्यक्तित्व माथिको प्रहारविरुद्ध खेल्नु पर्ने भूमिका***

राष्ट्रियता र जनताको अधिकारको निम्ती निरन्तर संघर्ष गर्दै आएको विप्लव व्यक्तित्वविरुद्ध प्रहार हुनु सारत यो देश र जनताविरुद्धको प्रहार हो । दलाल पुँजीवादी संसदीय सत्ता खारेजी गरेर वैज्ञानिक समाजवादी सत्ता स्थापना गर्नु पर्ने अग्रगामी कदमविरुद्धको प्रहार हो । न्याय माथिको प्रहार हो । समग्रमा सिंगो देश र देशभक्ति माथिको प्रहार हो । यो प्रहारलाई परास्त गर्नु आम नेपाली परिवर्तनकामी जनताको दायित्व हो । हामीले यस्ता तुच्छ र कपोकल्पित प्रहारविरुद्ध डटेर प्रतिरोध गर्न आवश्यक छ । हाम्रो पार्टीलाई यो देशका देशभक्त, मध्यम वर्गीय तप्का, राष्ट्रिय पुँजीपति वर्ग, सच्चा लोकतन्त्रवादी शक्ति, किसान, मजदुर, युवा विद्यार्थी , उत्पीडित जाती समुदायबीच पुग्न र एकताबद्ध गर्नबाट रोक्ने हेतु हामीलाई युद्धतर्फ प्रेरित गर्ने, हिंसालाई अंगाल्न बाध्य पार्ने प्रपञ्च रचिएको छर्लङ्ग छ । हामीले तीन बुँदे सहमति हुँदै, सचेतता पूर्वक जनतामा जानको निम्ती विभिन्न कार्यनीतिहरू अख्तियार गर्दा हाम्रो पार्टीलाई जनताबाट अलग गर्ने कुख्यात षड्यन्त्रहरू अहिले पनि भैरहेका छन् । यो व्यवस्थाको विकल्प र देशको स्वाधिनता रक्षा खोजिरहेका नेपाली जनतालाई हामीले एकताबद्ध गर्न पहल गर्नु पर्छ र आम नेपाली जनताले अब एकताबद्ध हुन ढिला गर्नु हुँदैन । हामी एकताबद्ध भएर अमेरिकन स्वार्थविरुद्ध प्रतिरोध गर्दा नै उनीहरूले समाप्त पार्न खोजेको विप्लव व्यक्तित्वको रक्षा हुन्छ र यही व्यक्तित्वको वरिपरि नै हामीले आन्दोलनको आँधीलाई संगठित गर्न सक्छौं । सचेतता पूर्वक भयानक षड्यन्त्रमा उत्रिएको अमेरिकन स्वार्थलाई ध्वस्त गर्न हामीले उक्त क्याम्पविरुद्ध भीषण हमला गर्न आवश्यक छ । यो भूमिका सिंगो पार्टी पंक्ति र सम्पूर्ण क्रान्तिकारी, परिवर्तनकामी र देशभक्तहरूले खेल्नुपर्छ ।

***आगामी सम्भावना***

देशमा संसद्वारुदीहरू बिच एकप्रकारको सत्ता संघर्ष छ र उनीहरूले विभिन्न आवरणमा जनतालाई भ्रमित गर्न खोजे पनि उनीहरू सबै र ाष्ट्रघाती र जनघातीको रूपमा पतन भएका छन् । चौतर्फी असफल सावित सत्ताको विकल्प वैज्ञानिक समाजवादी सत्ता स्थापना गरेर वर्ग संघर्षको कार्यभार पूरा गर्नु हाम्रो कार्यभार हो । यो सँगै राष्ट्रिय स्वाधिनताको रक्षा गर्नु पनि हाम्रो कार्यभार बन्न पुगेको छ । नेपालमा पैदा हुँदै गएको अन्तर्राष्ट्रिय शक्तिसंघर्सको तरङ्गलाई नापेर हामीले अन्तर्राष्ट्रिय सम्बन्धहरूको उचित परिचालन गर्नु पर्ने र देशभक्त र क्रान्तिकारी कम्युनिस्ट शक्तिलाई एकै ठाउँ ध्रुवीकृत गर्नु पर्ने स्थिति छ । र यो निकट भविष्यमा सम्भव देखिन्छ ।

अमेरिकन स्वार्थलाई परास्त गर्नु पर्ने नेपाली जनताको कार्यभार र आफ्नो सुरक्षालाई सुनिश्चित गर्नु पर्ने आवश्यकता भएका राष्ट्रहरूबीच सहकार्यको प्रबल सम्भावना अगाडि देखिन्छ । संसद्वादी मोर्चामा र हेर राष्टघात गर्दै आएका केही कठपुतली दलाल नेता र केही दलाल पुँजीपतिहरू बाहेक संसद्रुवादी कित्ताबाटै पनि विद्रोह हुने, नेपाली सेना भित्रको राष्ट्रवादी धार , नेपाल प्रहरी भित्रको राष्टवादी धार, कर्मचारी भित्रको राष्ट्रवादी धारले पनि विद्रोह गर्नै पर्ने स्थिति बन्ने सम्भावना देखिन्छ ।

राष्ट्रिय पुँजीपति, सच्चा लोकतन्त्रवादी र मध्यम वर्गीय तप्काको अधिकांश हिस्सा पनि आफ्नो कित्तालाई स्पष्ट गर्दै अमेरिकन र पश्चिमा शक्तिविरुद्धको मोर्चामा आउने पर्ने वातावरण बन्दै गएको देखिन्छ । किनकि अन्तर्राष्ट्रिय शक्तिसंघर्सको नेपालमा विद्धमान स्थिति र यसको विकासले यो संभावनालाई नजिक बनाईरहेको तथ्यहरूले स्पष्ट गर्दै लगेका छन् । यो बेला नेपालमा क्रियाशील क्रान्तिकारी कम्युनिस्ट पार्टीहरू र देशभक्त शक्तिहरूले एकताबद्ध भएर एउटा आम जनताको सहभागिता रहने विद्रोहको मोर्चा खोल्नु पर्ने र त्यसको तयारीमा सबै जिम्मेवार बनेर लाग्नु पर्ने आवश्यकता देखिन्छ । लुटेरा पुँजीवादको तख्ता पल्टाएर पुँजीवादको अन्तिम चिहान नेपाललाई बनाउँदै नेपालबाट वैज्ञानिक समाजवादको झण्डा फहराउँदै विश्वलाई नयाँ साम्यवादी युगमा जान अपिल गर्नुपर्ने युग प्रवर्तकको जिम्मा भएका हामीले समग्र सम्भावनाहरूलाई नजिकबाट नाप्दै नेतृत्वदायी भूमिका खेल्ने स्तरमा पहलकदमी लिन र त्यसको तयारी गर्न रौं जत्ति पनि चुक्न हुँदैन । तर, यो बेला विप्लव व्यक्तित्वमाथिको हमलाविरुद्ध आम पंक्ति र सिंगो देश एकढिक्का भएर लड्नु महत्वपूर्ण काम हो । हामी यो गर्न सक्षम छौं । नयाँ सम्भावना आँधी लिएर आउँदैछ । आँधीलाई अफ्नो पक्षमा तान्न र विश्व पुँजीवादको चिहान खन्न मिहेनत गरेर फिल्डमा खटौं । हाम्रो पार्टीमाथि लागेका मिथ्या र कपोकल्पित आरोप पानीको फोका जस्तै फुटेर जान्छन् । सिंह नेकपा केन्द्रीय सदस्य हुन् ।

*साभार: इकागज*

# बहसमा विकास समन्वय प्राधिकरण



✍ कृष्णप्रसाद सापकोटा

संघीयता सहितको पहिलो संविधान २०७२ जारी भएपश्चात् नेपालमा तीन तहका सरकारले विकास निर्माणका कामहरू अगाडि बढाइरहेको पनि पाँच वर्ष पुग्न थालेको छ । संघीय सरकार, प्रदेश सरकार र स्थानीय सरकारहरूले गर्ने विकास निर्माणका कामहरूको प्रकृति उस्तै तर आयोजनाको लागत र आकारमा मात्र केही फरक देखिन्छ । तीनै तहका सरकारहरूको बीचमा सहअस्तित्व, सहकारिता र समन्वय सिद्धान्तको आधारमा संविधानले निर्दिष्ट गरेका सिद्धान्त बमोजिम विकास गर्नुपर्ने देखिन्छ ।

संविधानमा उल्लेख गरेबमोजिम तीनै सरकार बीचमा समन्वय र तीनै तहका निकायबीचको अन्तरनिकास समन्वय सुन्दा सजिलो लाग्छ । निर्देशन दिन र लेख्न सजिलो यो विषय व्यवहारत: काम गर्न अप्ठ्यारो हुँदै गइरहेको छ । यो कुरा सबै विकास सम्बन्धी निकायहरूले अनुभव गरिरहेको विषय हो । संघीय सरकार अन्तर्गतका अन्तरमन्त्रालय र अन्तरनिकाय समन्वय विकास निर्माणका काममा नगरी नहुने विषय हो । प्रदेश सरकार अन्तर्गतका निकायले संघीय सरकारका निकायहरूसँग समन्वय र स्थानीय तहहरूले प्रदेश सरकारका निकाय एवं संघीय सरकारका निकायहरूसँगको समन्वय अपरिहार्य छ ।

तीनै तहका सरकारहरूले गर्ने विकास निर्माण कार्यको भूगोल एउटै छ । सबै मिलेर एउटै स्थानीय तहमा काम गर्नुपर्ने भएकोले विकासको समन्वय र काम गर्ने वातावरण मिलाउने काममा स्थानीय सरकारको भूमिका अत्यन्तै महत्वपूर्ण देखिन्छ । संघीय र प्रदेश सरकारका निकायहरूले पनि स्थानीय तहसँग नै समन्वय गर्नुपर्ने हुन्छ । तसर्थ अर्थ मन्त्रालयले समग्र रूपमा पूँजीगत खर्च बढाउन निर्देशन दिनुभन्दा पूँजीगत खर्च हुन नसक्नाका मुख्य समस्याहरू खोज्नुपर्छ । यस सम्बन्धमा नेपाल सरकार, अर्थ मन्त्रालय, राष्ट्रिय योजना आयोग, मन्त्रालय एवं दातृ निकायहरूले चासो दिनु जरूरी देखिन्छ ।
पूर्वाधार निर्माणमा आवश्यक जग्गाको व्यवस्थापन नगरी कामको ठेक्का लाग्ने र वर्षौंसम्म रूख काट्न एवं जग्गा व्यवस्थापनमा आयोजना कार्यालय अल्मलिनु पर्दा आयोजना समयमा सम्पन्न नहुनु हाम्रो नियति नै भएको छ । विकास निर्माणका काममा गर्नुपर्ने समन्वयलाई व्यवस्थित र छिटोछरितो गर्न निम्न उपाय अवलम्बन गर्नुपर्ने देखिन्छ :

१. आयोजना अध्ययनको क्रममा अध्ययन प्रतिवेदन तयार गर्दैगर्दा सम्बन्धित निकायसँग यथेष्ट मात्रामा छलफल गर्नुपर्छ । स्थानीय सरकारका जनप्रतिनिधि र स्थानीय संघसंस्था (गैरसरकारी) सँग छलफल गरी आयोजना अध्ययन प्रतिवेदनमा युटिलिटिज् स्थानान्तरण गर्न आवश्यक डिजाइन र स्रोतको व्यवस्थापन गर्नु जरूरी देखिन्छ ।

२. आयोजनामा काम गर्ने निर्देशकहरूलाई विभिन्न निकायसँग पत्राचार, समन्वय तथा आयोजनामा पर्ने समस्याका विषयमा निर्णय गर्नसक्ने अधिकार मन्त्रिपरिषद्‌ले विशेष निर्णय गरी दिंदा आयोजना निर्देशकको मनोबल उच्च भई विकास निर्माणको कार्यमा समन्वय राम्रो भई प्रभावकारी रूपले कार्य अगाडि बढ्न सक्दछ । आयोजना निर्देशकहरूलाई अधिकारको साथसाथै कार्यको मूल्याङ्कनसहित पुरस्कार र जरिवानाको व्यवस्था गर्नु पनि उचित देखिन्छ ।

३. अन्तरनिकाय समन्वयलाई प्रतिफलमुखी बनाउन संघीय सरकारका विकास निकायसँग मासिक एक दिन नियमित रूपमा छलफल गरी काम गर्नु उत्तम हुन्छ । यसो गर्दा आयोजना कार्यान्वयनमा परेका समस्या समाधान भई विकास निर्माणमा राम्रो समन्वय हुन सक्दछ । आयोजनाको अनुगमन र निगरानी गर्ने थुप्रै निकाय भए पनि विकास निर्माण कार्यमा समन्वय गर्ने निकाय छैन । यसबाट पैदा भएको विकासका कामहरूमा समन्वयको अभाव सबैले अनुभव गरेको विषय हो ।

४. संघीय सरकार, प्रदेश सरकार र स्थानीय सरकारका विभिन्न निकायहरूबीच हुने समन्वयलाई छिटोछरितो बनाउन प्रत्येक निकायहरूमा निश्चित महाशाखा वा शाखालाई समन्वय गर्ने जिम्मेवारी तोक्न सक्यो भने अन्तर निकाय समन्वय राम्रो हुन सक्दछ ।

५. विकास निर्माणका कामहरूमा अन्तरनिकाय समन्वयको अभावमा निर्माण सम्पन्न भइसकेको संरचनाहरू पुन: उत्खनन् हुने गरेको देखिन्छ । र, पुन: निर्माण गर्नुपर्दा राज्यले दोहोरो लगानी गर्नुपरेको हुन्छ । यसबाट राज्यलाई आर्थिक भार परिरहेको छ । अर्थ मन्त्रालयले विकास निर्माणका कार्यमा तेस्रो पक्ष क्षतिपूर्तिको व्यवस्थासहितको भुक्तानी व्यवस्थापन गर्न सके राज्यको लगानी प्रतिफलमुखी हुन जान्छ ।

६. विकास निर्माण क्रममा वन क्षेत्रमा आयोजना परेमा विद्यमान वन ऐन र नियमावली बमोजिम काम गर्दा रूख कटान सम्बन्धी निर्णय मन्त्रिपरिषद्‌बाट गर्नुपर्ने प्रावधान रहेको छ । आयोजनामा वातावरणीय अध्ययन एवं कार्यान्वयन समयको अन्तरालले गर्दा रूखको संख्या फरक पर्न जान्छ । पुन: वातावरणीय अध्ययन पुनरावलोकन गरी रूख कटान गर्नुपर्ने संख्या यकिन गर्दा मन्त्रिपरिषद्मा पेश गर्नुपर्ने व्यवस्था छ । यही भएर हो- रूख कटानमा अत्यन्त लामो समय लाग्ने गरेको । यसलाई थप सरल बनाई आवश्यक कार्यविधिमार्फत जिल्ला वन कार्यालय र सरोकारवालालाई नै थप जिम्मेवार बनाउन सक्नुपर्छ । यसो गर्दा रूख कटान समयमा भई आयोजनालाई तत्काल अगाडि बढाउन सकिन्छ ।

७. कुनै पनि कोरिडरमा हुने विकास निर्माणको क्रममा पानी, ढल, बिजुली, टेलिफोन, सडक बत्ती, नाली जस्ता भौतिक संरचना एकीकृत आयोजनाको रूपमा काम गर्न सक्नुपर्छ । यसो गर्नसके विकास निर्माण साँच्चै नै नमूनायोग्य हुन्छ । एउटै निकायबाट काम हुँदा समन्वय पनि राम्रो हुन सक्दछ । एकीकृत आयोजना कार्यान्वयनको क्रममा सम्बन्धित निकायबाट कर्मचारी काजमा व्यवस्थापन गरी काम गर्दा अन्तरनिकाय समन्वय र कर्मचारी व्यवस्थापनमा पनि सहजता हुन सक्दछ । एकीकृत कोरिडर विकासमा अगाडि बढ्दै गर्दा युटिलिटी कोरिडर ऐन पनि कार्यान्वयनमा ल्याउनुपर्दछ । जसका लागि शहरी विकास मन्त्रालयले पहलकदमी लिन आवश्यक छ ।

*आयोजनाको अनुगमन र निगरानी गर्ने थुप्रै निकाय भए पनि विकास निर्माण कार्यमा समन्वय गर्ने निकाय छैन । यसबाट पैदा भएको विकासका कामहरूमा समन्वयको अभाव सबैले अनुभव गरेको विषय हो ।*

८. हाम्रो देशमा जग्गा मूल्याङ्कन सम्बन्धी वैज्ञानिक कार्यविधि छैन । यसले जग्गा मूल्याङ्कनमा सम्बन्धित स्थानीय तह, जनता र आयोजनाको बीचमा विवाद सिर्जना गर्छ । जसले समयमा जग्गाको मुआब्जा वितरण तथा जग्गा अधिकरणमा समस्या पर्ने गरेको छ । भूमि मूल्य सूचका र भूमि प्रयोग नक्साको आधारमा जग्गाको मूल्याङ्कन गर्दा जग्गाको मूल्य निर्धारणमा देखिएका समस्या निराकरण हुन्छ । यसले जग्गा अधिकरण समयमा भई आयोजना समयमा अगाडि बढ्न सक्दछ । आयोजनाको अनुगमन र निगरानी गर्ने थुप्रै निकाय भए पनि विकास निर्माण कार्यमा समन्वय गर्ने निकाय छैन । यसबाट पैदा भएको विकासका काममा समन्वयको अभाव सबैले अनुभव गरेको विषय हो । माथि उल्लेख भए बमोजिम विश्लेषण गर्दा विकास निर्माणको कामलाई तीव्रता दिन प्रधानमन्त्री एवं मन्त्रिपरिषद् कार्यालय वा अर्थ मन्त्रालयबाट विकास समन्वय प्राधिकरणको कानुन बनाउनुपर्छ ।

यस्तो संरचनासम्बन्धी अवधारणा कार्यान्वयनमा ल्याउन सक्दा विकास निर्माणमा समन्वय र एकीकृत विकासको अवधारणाले व्यावहारिक कार्यरूप पाउन सक्छ । यसबाट विकास निर्माणका कामहरू प्रभावकारी रूपमा अगाडि बढ्न सक्दछन् । उपरोक्त निकाय र कानुन नबन्दासम्म राष्ट्रिय योजना आयोग वा अर्थ मन्त्रालयले समन्वयात्मक भूमिका निभाउनु अपरिहार्य भएको छ ।

*लेखक, नगर विकास कोषका कार्यकारी निर्देशक हुन् ।*

*साभार: अनलाइनखबर*

# विश्वकप क्रिकेट लिग दुई : नेपाल नामिबियासँग पराजित



काठमाडौं (रासस)/ आइसिसी पुरुष विश्वकप लिग दुई त्रिकोणात्मक एकदिवसीय सिरिजमा नेपाल फेरि पनि नामिबियासँग पाजित भएको छ । स्कटल्याण्डको कम्बसदुन न्यू ग्राउन्ड, एयरमा गए राति सम्पन्न खेलमा नेपाल नामिबियासँग ६३ रनले पराजित भएको हो । जारी सिरिजमा यसअघि भएको पहिलो खेलमा पनि नेपाल नामिबियासँग ४० रनले पराजित भएको थियो ।


नामिबियाले जितका लागि नेपाललाई २०० रनको लक्ष्य दिएको थियो । जवाफमा नेपाल ३७ दशमलव पाँच ओभरमा सबै विकेट गुमाउँदै १३६ रनमा समेटियो । नेपालका लागि दीपेन्द्रसिंह ऐरीले सर्वाधिक ३८ रन बनाए । त्यस्तै आसिफ शेखले ३४ रन जोड्दा आदील आलमले २० रन बनाए । रोहित पौडेलले १७ तथा पवन सर्राफ १० रनमा अविजित रहे । आरिफ शेखले चार रन तथा देव खनाल र सोमपाल कामीले एक-एक रन जोडे भने कुशल भुर्तेल, कप्तान सन्दीप लामिछाने र बसिर अहमेदले खाता खोल्न सकेनन् ।

नामिबियाका बेर्नार्ड स्कोल्ट्जले पाँच विकेट लिए भने जान फ्राइलिङ्कले तीन विकेट लिए । त्यसअघि टस जितेर पहिले ब्याटिङ गरेको नामिबियाले ४९ दशमलव दुई ओभरमा सबै विकेट गुमाउँदै १९९ रन बनाएको थियो । नामिबियाका लागि कप्तान जेहार्ड एरास्मसले सर्वाधिक ५३ रनको योगदान दिए । यस्तै डेभिड विएसले ३४ रन जोड्दा जेजे स्मिथ र डिभान लाककले समान २७ रन जोडे । जान निकोल र रुबेन ट्रम्पेलम्यानले समान १९ रन बनाए ।

नेपालका कप्तान सन्दीप लामिछानेले चार विकेट लिए भने सोमपाल कामी र दीपेन्द्रसिंह ऐरीले समान दुई-दुई विकेट लिए । बसिर अहमेदले एक विकेट लिए । सिरिजअन्तर्गतको अन्तिम खेल नेपालले आज स्कटल्याण्डसँग खेल्नेछ । यसअघि भएको खेलमा नेपालले स्कटल्याण्डलाई पाँच विकेटले हराएको थियो ।

यसैगरी यस हारसँगै नेपाल लिग दुईको अङ्क तालिकाको छैटौं स्थानमा झरेको छ । नेपालले १९ खेलमा १७ अङ्क जोडेको छ । नामिबिया भने १८ खेलमा १८ अङ्क जोडेर पाँचौं स्थानमा उक्लिएको छ ।

# नागरिकलाई सूचना र शिक्षा दिने दायित्वमा रासस प्रभावकारीरूपमा लागोस् : प्रधानमन्त्री देउवा



काठमाडौँ, (रासस) / प्रधानमन्त्री शेरबहादुर देउवाले नागरिकलाई सूचना र शिक्षा दिने अफ्नो जिम्मेवारीमा राष्ट्रिय समाचार समिति (रासस) अझ प्रमावकारीरूपमा अघि बढ्न सकोस् भनेका छन् ।

राससले आजदेखि सुरुआत गर्न लागेको श्रव्य दृश्य (भिडियो) सेवाबारे दिएको शुभकामना सन्देशमा प्रधानमन्त्री देउवाले भनेका छन्, "नागरिकलाई सूचना दिनु भनेको उनीहरूको मौलिक हकको सम्मान गर्नु हो । सरकारको यो मान्यतालाई राससले ध्यानमा राखोस् र नागरिकलाई सूचना र शिक्षा दिने आफ्नो जिम्मेवारीमा अझ प्रभावकारीरूपमा अघि बढ्न सकोस् ।"

नेपालका आमसञ्चार माध्यमहरूलाई समाचार प्रदान गर्दै आएको सेवा प्रदायक समाचार संस्था राससले आफ्नो स्थापनाको ६१औं वर्षमा श्रव्य दृश्य (भिडियो) सेवा पनि सुरु गर्न लागेकामा प्रधानमन्त्री देउवाले खुसी व्यक्त गरे ।

सूचना प्रविधिको द्रुतगतिमा विकास भइरहेको वर्तमान विश्वमा राससले पनि अफ्ना माध्यमहरूलाई परिमार्जन गर्दै जानु आवश्यक रहेको प्रधानमन्त्री देउवाले शुभकामना सन्देशमा व्यक्त गरेका छन् । उनले सूचना र प्रविधिको विकाससँगै सोहीअनुरुप जनतालाई सही र तथ्यपरक समाचार पस्कने दायित्व राससको भएको पनि स्मरण गराएका छन् ।

नेपालका सञ्चार माध्यमहरूलाई स्वदेशी र विदेशी समाचारहरू उपलब्ध गराउँदै आएको राससले भिडियो सेवामार्फत आफ्ना सेवामा विविधिकरण ल्याउन सक्ने उनले अपेक्षा गरेकोवताएका छन् । प्रधानमन्त्री देउवाले राससले सुरु गर्न लागेको श्रव्य दृश्य (भिडियो) सेवाको सफलताको कामना पनि गरेका छन् ।

# डेङ्गुका बिरामी बढे



धादिङ, (रासस)/ धादिङ जिल्लामा डेङ्गुका बिरामी बढ्न थालेका छन् । पछिल्लो एक महिनाको अवधिमा जिल्ला ४९ डेङ्गुका बिरामी पहिचान भएका हुन् ।

बिरामी जाँच गराउन आएकामध्ये धादिङ अस्पतालमा ४६, गजुरी प्राथमिक स्वास्थ्य केन्द्रमा दुई र सल्यानटार प्राथमिक स्वास्थ्य केन्द्रमा एक गरी ४९ जनालाई डेङ्गुको सङ्क्रमण पुष्टि भएको हो ।

पोथी लामखुट्टेले टोकेर सङ्क्रमण हुने डेङ्गुको बिरामी थपिन थालेपछि पानी जम्न सक्ने भाँडाजस्तै गमला, फूलदानी, खाली बट्टा, खाली ड्रम, गाडीका काम नलाग्ने टायरमा पानी जम्न नदिन आग्रह गरिएको छ ।

धादिङ अस्पतालका मेडिकल सुपरिटेण्डेन्ट डा मधुकर दहालले लामखुट्टेबाट बच्न ज्वरो आएमा, बान्ता भएमा वा डेङ्गुका लक्षण देखिएमा स्वास्थ्य संस्थामा आउन आग्रह गरेका छन् ।

# साउन लागेसँगै पशुपति क्षेत्रमा भक्तजनको चहलपहल



काठमाडौँ, (रासस)/ साउन लागेसँगै पशुपतिनाथ मन्दिर परिसरमा भक्तजनको चहलपहल बढेको छ । यो महिना भगवान् शिवको महिना भएकाले यस बेलामा शुद्ध जल अर्पण मात्र गर्दा पनि भगवान् खुसी हुनुहुने धार्मिक विश्वास छ । पशुपति क्षेत्रमा चहलपहल बढेसँगै देवादिदेव महादेवलाई शुद्ध जल अर्पण गर्ने बोलबम यात्रीको पनि आजैदेखि भीड लागेको पशुपति क्षेत्र विकास कोषका प्रवक्ता रेवतीरमण अधिकारीले जानकारी दिए ।

विसं २०७७ र २०७८ मा कोरोना महामारीका कारण पशुपतिनाथ मन्दिरमा नित्य पूजा बाहेकका गतिविधिमा रोक लगाइएको थियो । दुई वर्ष साउन महिनामा पशुपतिनाथ मन्दिर दर्शन गर्न नपाएका भक्तजन यस वर्ष भने चान्द्रमासअनुसार साउन लागेदेखि नै पशुपति क्षेत्रमा धाउन थालेका छन चान्द्रमास अनुसार यस वर्ष असार ३० गतेदेखि श्रावण शुक्ल प्रतिपदा सुरु भएको हो ।साउन महिनामा तीजमा जत्तिकै भक्तजन आउने भएकाले सहज रुपमा दर्शनको व्यवस्था मिलाइएको पनि प्रवक्ता अधिकारीले बताए । कोष सञ्चालक परिषद् सदस्य पूर्णबहादुर जेठाराको संयोजकत्वमा साउने मेला व्यवस्थापन समिति बनाइएको छ । यसैगरी कोषका कार्यकारी निर्देशक डा घनश्याम खतिवडाको संयोजकत्वमा कार्यान्वयन समिति पनि गठन गरिएको छ । कार्यान्वयन समितिमा कोषका विभागीय प्रमुखलाई सदस्य राखिएको छ ।पशुपति क्षेत्रमा जुत्ताचप्पल व्यवस्थापन, स्वयंसेवा, सुरक्षा व्यवस्था, चन्दन वितरणलगायत सेवा दिइने कोषले जनाएको छ । उक्त स्थानमा साउन महिनाको सोमबार विशेष भीड लाग्ने गर्छ । यस वर्ष साउन महिनामा पाँच वटा सोमबार परेको छ । पाँच वटा सोमबार पर्नुलाई राम्रो भन्दै पशुपतिनाथलगायत देशभरका शिवालयमा भक्तजनको धेर भीड लाग्ने गर्छ । धार्मिक संस्थाहरुको आयोजनामा यस वर्ष साउन महिनाको अवसर पारेर अतिरुद्राभिषेक महायज्ञसमेत आयोजना गरिएको कोषले जनाएको छ ।

भगवान् शिवलाई छिटो खुसी पार्न सकिने भएकाले आशुतोष नामले पनि पुकारिन्छ । भगवान् शिवलाई खुसी पार्न शुद्ध जलमात्र चढाएपनि हुन्छ भन्ने धार्मिक मान्यता छ । यसै मान्यताअनुसार वैदिक सनातन धर्मावलम्बीले प्रत्येक वर्ष साउनमा एकपटक अनिवार्य रुपमा रुद्राभिषेक गर्ने गरेका छन् ।

# तनहुँमा थपिए ४८८४ नयाँ मतदाता



दमौली, (रासस)/ आसन्न प्रतिनिधि सभा र प्रदेशसभा निर्वाचनलाई लक्षित गरी तनहुँमा एक महिनाको अवधिमा चार हजार ८८४ मतदाता थपिएका छन् ।

स्थानीय तह निर्वाचनपछि स्थगित भएको मतदाता नामावली सङ्कलन असार १ गतेदेखि पुन: सुचारु भएको थियो । एक महिनाको अवधिमा दुई हजार २९८ महिला र दुई हजार ४७८ पुरुष गरी चार हजार ७७६ तनहुँका नयाँ मतदाता थपिएको जिल्ला निर्वाचन कार्यालयले जनाएको छ । त्यस्तै बाहिरी जिल्लाका एक सय आठ मतदाता पनि निर्वाचन कार्यालयमार्फत् थपिएका छन् ।

मतदाता नामावली दर्ताका लागि सर्वसाधारणको आकर्षण देखिएको निर्वाचन अधिकारी हरिप्रसाद ढकालले जानकारी दिए।

'फोटोसहितको मतदाता नामावली दर्ता गरी मताधिकार सुरक्षित गर्न सर्वसाधारणमा आकर्षण देखिएको छ', उनले भने, 'दैनिकजसो कार्यालयमा भीड हुन्छ ।"मतदाता नामावली दर्ताका लागि विभिन्न पालिकाबाट सर्वसाधारण बस रिजर्भ गरेर आउने गरेका छन् । तनहुँमा हालसम्म दुई लाख ४४ हजार ३४० मतदाता कायम भएका छन् । विस २०७९ साल वैशाख २९ गतेसम्म एक लाख १७ हजार १३४ पुरुष र १२७ हजार दुई ६०० छ मतदाता छन् ।

# सरकारले आयाल निगमलाई सात अर्ब रुपैयाँ ऋृण दिने




काठमाडौँ, (रासस)/ सरकारले पेट्रोलियम पदार्थको आपूर्तिलाई सहज तुल्याउन नेपाल आयल निगमलाई रु सात अर्ब ऋृण लगानी गर्ने भएको छ । मन्त्रिपरिषद्को असार ३१ गते बसेको बैठकले पेट्रोलियम पदार्थको मूल्य समायोजन भएका कारण नेपाल आयल निगमले इण्डियन आयल कर्पोरेशन लिमिटेडलाई भुक्तानी दिनका लागि उक्त रकम दिने निर्णय गरेको हो ।

मन्त्रिपरिषद्को निर्णय सार्वजनिक गर्न आज सञ्चार तथा सूचना प्रविधिमन्त्रालयमा आयोजित पत्रकार सम्मेलनमा सञ्चारमन्त्री ज्ञानेन्द्रबहादुर कार्कीले निगमले इण्डियन आयल निगम कर्पोरेशनलाई भुक्तानी दिन रकम अपुग भएकाले अर्थमन्त्रालयले त्यसबापतको रकम उपलब्ध गराउने निर्णय गरेको जानकारी दिएका हुन् ।

बैठकले पेट्रोलियम पदार्थमा पूर्वाधार करबापत मूल्य समायोजन भएको रुकम रु ५९ करोड ८६ लाख ८० हजार अनुदानस्वरुप उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयमार्फत नेपाल आयल निगमलाई उपलब्ध गराउने निर्णय गरेको छ । मन्त्रिपरिषद् बैठकले माथिल्लो कर्णाली जलविद्युत् परियोजनाको वित्तीय व्यवस्थापनको म्याद मन्त्रिपरिषद्बाट निर्णय भएको मितिले दुई वर्ष पथ गर्ने निर्णय गरेको छ । राष्ट्रिय अनुसन्धान विभागका अनुसन्धान निर्देशक कुलदेव थापालाई अतिरिक्त मुख्य अनुसन्धान निर्देशक पदमा बढुवा गर्ने पनि बैठकले निर्णय गरेको छ ।

सरकारले विभिन्न १० वस्तुको पैठारीमा लगाइएको बन्देजलाई भदौ १४ गतेसम्म निरन्तरता दिने निर्णय गरेको सरकारका प्रवक्तासमेत रहेका मन्त्री कार्कीले बताए । मन्त्रिपरिषद्ले बेपत्ता पारिएका व्यक्तिको छानविन, सत्यनिरुपण तथा मेलमिलाप आयोग ऐन, २०७१ लाई संशोधन गर्न बनेको विधेयक सङ्घीय संसद्मा पेश गर्न स्वीकृति प्रदान गरेको छ । मन्त्रिपरिषदले बर्डूलु नियन्त्रणका क्रममा नष्ट गरिएका वस्तुको राहत प्रदान गर्ने र सो रोग नियन्त्रणमा खटाइएकालाई प्रोत्साहन सुविधा प्रदान गर्ने मापदण्ड स्वीकृत गरिएको छ ।

त्यसैगरी बैठकले मेलम्ची खानेपानी आयोजनाको सुरुङ परीक्षण गर्ने क्रममा दुर्घटनामा परी दिवङ्गत भएका इ.सतिशकुमार गोइत र सवारी चालक राधाकृष्ण थापा मगरको परिवारलाई क्षतिपूर्तिस्वरुप रु पाँच/पाँच लाखका दरले आर्थिक सहायता उपलब्ध गराउने निर्णय गरेको छ ।

बैठकले जुरे पहिरोपीडित समुदायका लागि जनस्तरबाट सङ्कलित रकम फुकुवा गर्न स्वीकृत दिएको छ । कसूरजन्य सम्पत्ति तथा साधन (रोक्का, नियन्त्रण र जफत) ऐन, २०७० को दफा ३५ अनुसार सर्वोच्च अदालतको फैसलाबाट अन्तिम कसुरदार ठह भई भक्तपुर जिल्ला साविक कटुञ्जे गाविस- २ स्थित ४-१-३-० रोपनी जग्गा कसूर जन्य सम्पत्ति व्यवस्थापन विभागको नाममा दाखिल खारेज गर्ने निर्णय गरिएको छ ।

मन्त्रिपरिषद्ले लुम्बिनी गार्डेन फाउण्डेसनले उपलब्ध गराउने प्रस्ताव गरेको जाडेइट स्टोनको बुद्धमूर्ति उपहारस्वरुप स्वीकार गर्ने निर्णय गरेको छ । नेपाल र इटालीका परराष्ट्र मन्त्रालयबीच द्विपक्षीय परामर्श संयन्त्र स्थापना गर्नेसम्बन्धी समझदारीपत्रमा नेपाल सरकारका तर्फबाट समकक्षी मिलाई हस्ताक्षर गर्न परराष्ट्र मन्त्रालयलाई स्वीकृति प्रदान गरेको सरकारले नेपाल र अरब गणतन्त्र इजिप्टबीच जुलाई १६, २००७ मा सम्पन्न भएको 'एग्रिमेन्ट अन इकोनोमी एन्ड टेक्निकल कोअपरेशन' लागू गर्नका लागि नेपालका तर्फबाट अनुमोदनको प्रक्रिया पूरा भएको जानकारी इजिप्ट सरकारलाई लेखी पठाउन परराष्ट्र मन्त्रालयलाई स्वीकृति दिने निर्णय गरेको छ ।

बैठकले प्रधानसेनापति प्रभुराम शर्मालाई यही साउन ९ देखि ११ गतेसम्म अष्ट्रेलियाको सिड्नीमा सञ्चालन हुने 'एन्युअल चिफ्स अफडिफेन्स कन्फ्रेन्स-२०२२' मा भाग लिन स्वीकृति दिने निर्णय गरेको छ । श्री नं २७ नम्बर बाहिनी अड्डाका लागि आवश्यक जग्गा प्रचलित कानुनबमोजिम मुआब्जा दिनेगरी प्राप्त गर्न नेपाली सेनालाई स्वीकृति दिइएको छ ।

राष्ट्रिय सूचना प्रविधि केन्द्रको कार्यकारी निर्देशक पदमा पर्वतका प्रदीप शर्मा पौडेललाई नियुक्त गर्ने निर्णय बैठकले गरेको छ । त्यस्तै नेपालले हुलाक वस्तुको अन्तर्राष्ट्रिय डाँक ढुवानीका लागि विश्व हुलाका सङ्घले निर्धारण गरेको दरमा नबढ्ने गरी आवश्यकताअनुसार एक वा एकभन्दा बढी हवाई सेवा कम्पनीसँग सम्झौता गरी अन्तर्राष्ट्रिय डाँक ढुवानीको व्यवस्थापन गर्न हुलाक सेवा विभागका महानिर्देशकलाई अख्तियारी दिने मन्त्रिपरिषद् बैठकले निर्णय गरेको छ ।

# स्रोतमा नै फोहरको वर्गीकरण

काठमाडौँ, (रासस) / फोहर व्यवस्थापनलाई थप प्रभावकारी बनाउनका लागि काठमाडौँमहानगरपालिकाले आजदेखि स्रोतमा नै वर्गीकरण गरिएको फोहर मात्र सङ्कलन गर्न थालेको छ । यसका लागि महानगरले एक महिनाअघि नै सूचना सार्वजनिक गरेको थियो । नगर प्रमुख बालेन्द्र साह फोहर व्यवस्थापन कार्यमा सहयोग गरिदिन आग्रह गर्दै नागरिकको घरदैलोमा पुगका थिए । आज महानगरका ३२ वटै वडाबाट यस किसिमको अभ्यास सुरु गरिएको हो । कुहिने र नकुहिने फोहरलाई फरकफरक र ाखे व्यवस्थापनमा ठूलो सहयोग हुने विश्वास महानगरको छ । महानगरले सङ्कलित फोहर उठाउनका लागि दिन तय गरेको छ । यसअनुसार पहिलो रुटमा आइतबार र बुधबार कुहिने फोहर सङ्कलन गरिनेछ भने मङ्गलबार र शुक्रबार नकुहिने फोहर उठाइनेछ । यसरी सङ्कलन गरिएको फोहरको प्रकृतिअनुसार ल्याण्डफिल साइटमा पनि छुट्टाछुट्टै व्यवस्थापन गरिनेछ । महानगरको आग्रहलाई बेवास्ता गरी एकै स्थानमा राखिएको फोहर व्यवस्थापनका लागि लगेमा रु ५०० जरिवाना गरिने छ । जैविक फोहरबाट गड्चौले वा कम्पोष्ट मल बनाएर कौसी तरकारी वा करेसाबारीमा प्रयोग गर्न महानगरको अनुरोध छ । कुहिने तर पुन:प्रयोगमा आउनसक्ने फोहरलाई पुन:प्रयोग गर्न सकिन्छ । पुन: चक्रिय फोहर सङ्कलककलाई बेचेर आयआर्जन गर्नेतर्फ ध्यान दिन महानगरले नागरिकसमक्ष आग्रह गरेको छ ।

**के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?**

Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

एक बर्षको वारेन्टीका साथै दुई बर्ष फ्रि सर्भिस पनि गरिन्छ प्रिन्टर किन्दा एउटा कार्टेज सित्तैमा लैजानुहोस् ।

Printer Shop
The complete office solution

Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4
tonerhouse_htd@yahoo.com

# गजल, कविता, साहित्य लेखिएका सवारीसाधान कारबाहीमा



तनहुँ, (रासस)/ जिल्ला ट्राफिक कार्यालयले सवारी साधनमा गजल, कविता तथा समाजमा विकृति ल्याउने किसिमका साहित्य लेखिएका ३५० सवारी साधनलाई कारबाही गरेको छ । उक्त सवारी साधानलाई कारबाहीस्वरुप जरिवाना गर्दा रु एक लाख ५० हजार सङ्कलन भएको सो कार्यालयले जनाएको छ । सवारी साधनमा लेखिएका अश्लिल, अपाच्य गालीगलौच, कानूनविपरीत तथा समाजमा विकृति ल्याउने किसिमका कविता, गजल र साहित्यलगायतका लेख हटाउन थालेको हो ।

अगाडिका सवारी साधनमा लेखिएका त्यस्ता लेखप्रति पछाडि गुडिरहेका अन्य सवारी चालकको ध्यान जाँदा दुर्घटना हुने गरेको पाइएकाले यस्ता लेख हटाउन अभियानकैरुपमा लागेको ट्राफिक प्रमुख प्रहरी नायब निरीक्षक गोकर्ण नेपालले जानकारी दिए। सवारी साधनमा समाजमा पच्न नसक्ने तथा विभिन्न वर्ग, समुदायलाई असर पर्ने लेख र दुईअर्थी शब्द देखिने गरेकाले अभियानमार्फत हटाउन थालेको उनले बताए । उक्त अभियानले सवारी दुर्घटनामा न्यूनीकरण गर्न सहयोग पुग्ने विश्वास गरिएको छ । यस किसिमका साहित्य लेखिएका सवारी साधनलाई रोकेर स्टीकर भए उप्काएर हटाउने र लेखिएको भए मेटने कार्य गरिएको छ ।

त्यसैगरी ट्राफिक प्रहरीले सवारी साधनका सिसामा कालो प्लाष्टिक टाँस्ने गरेको पाइएकाले त्यस्ता कार्यलाई समेत बन्देज लगाएको छ । सवारी साधनमा कालो स्टीकर टाँस्दा भित्र के भइरहेको छ भन्ने देखन नसकिने भएकाले हटाउन लगाइएको प्रहरी नायब निरीक्षक नेपालले जानकारी दिए ।

# 'कोभिड सङ्क्रमितको उपचारका लागि स्वास्थ्य संस्था तयारी अवस्थामा'

मोरङ, (रासस)/ प्रदेश नं १ का स्वास्थ्यमन्त्री जयराम यादवले प्रदेशमा बढ्दो कोभिड-१९ को रोकथाम एवं उपचारका लागि सबै स्वास्थ्य संस्थालाई तयारी अवस्था राखिएको बताएका छन् ।

जिल्ला कारागारमा रहेका ५४ कैदीबन्दीमा कोभिड(१९ पोजेटिभ देखिपछि मन्त्री यादवसहित प्रमुख जिल्ला अधिकारी काशीराज दाहाल, मन्त्रालयका सचिव डा अनुज भट्टचन, कोसी अस्पतालका मेडिकल सुपरिडेण्टेन्ट यज्ञराज खरेल लगायतले आज कोसी अस्पताल कोभिड-१९ उपचार केन्द्रको निरीक्षणका तथा अवलोकनका क्रममा उनले सरकार जनताको स्वास्थ्य सुरक्षाप्रति चिन्तित रहेकाले कोभिड उपचारमा कुनै किसिमको कमि हुन नदिने प्रतिबद्धतासमेत व्यक्त गरे ।

प्रमुख जिल्ला अधिकारी दाहालले सङ्घ र प्रदेशको संयुक्त पहलमा कोभिडको नियन्त्रण र उपचारमा क्रियाशील रहेको बताए । उनले कोभिडको रोकथामका लागि सीमा नाकाबाट आउने यात्रुको आवश्यक एन्टिजेन परीक्षण तथा रोकथामका लागि प्रचार गर्नु स्थानीय पालिकाले सहयोग गर्नुपर्ने धारणा राखे । कारागारमा रहेका सङ्क्रमित कैदीबन्दीमध्ये १९ जनालाई उपचारका लागि केन्द्रमा राखिएको र अन्यलाई आज ल्याउने जानकारी दिए ।

# बिपी राजमार्गको आकस्मिक सूचनाप्रणाली सूचनाविहीन

काभ्रेलाञ्चोक, (रासस)/ सङ्घीय राजधानी काठमाडौँलाई पूर्वी तराईसँग जोड्ने छोटो दूरीका रुपमा रहेको बिपी राजमार्गमा सात वर्षदेखि अलपत्र आकस्मिक सूचनाप्रणाली (ईआइएस्) बोर्डमा अझै आवश्यक सूचना अद्यावधिक गरिएको छैन ।

गतवर्ष उक्त प्रणाली सञ्चालनार्थ अध्ययन गरिए पनि आवश्यक सूचना दिन नसकिएको सडक विभागले जनाएको छ । मार्गको धुलिखेल, सिन्धुली, बर्दिबास खण्डमा तत्कालीक अवस्थाबारे जानकारी दिने उद्देश्यले काभ्रेको धुलिखेललगायतका सिन्धुलीको बर्दिबाससम्म पाँच स्थानमा डिजिटल सूचना बोर्ड राखिएको थियो । राजमार्ग प्रवेशस्थल धुलिखेलस्थित बोर्डमासमेत मौसमअनुसारको सूचना अद्यावधिक गर्न नसकेको विभागका इञ्जिनीयर अनन्त बरालले बताए ।

उनका अनुसार धुलिखेल र सिन्धुलीको खुर्कोटका दुई बोर्ड मात्रै केही महिनादेखि सामान्य सूचनाबाहेक सडकको अवस्था, प्राकृतिक प्रकोप तथा दूर्घटनाबारे डिस्प्ले गर्न नसकिएको हो । 'राखेर प्रयोगमा नल्याइएका बोर्डमर्मत गरी सञ्चालनमा ल्याउने तयारी गर्दैछौं, दुई वटामा समान्य सूचना दिन सकिने बनायौं चालु आर्थिक वर्षभित्र अन्य तीन वटालाई सञ्चालनमा ल्याउने प्रयासमा छौं", बरालले भने । उनका अनुसार सडक खण्डखण्डमा सूचना दिन अझ छुट्टै प्रणालीको व्यवस्थापन गर्नुपर्ने हुन्छ । इआइएस् व्यवस्थित गरिएको छ वर्षपछि सञ्चालनमा चासो राखेको विभागले उक्त राजमार्गको आकस्मिक सूचनाप्रणाली प्रविधिलाई अझै पनि निरन्तरता दिन नसकेको जनाएको हो । हाल धुलिखेल र खुर्कोटको डिजिटल बोर्डमा ,सवारी चलाउँदा सचेत र हनुस् ,ट्राफिक नियमको पालना गरौं जस्ता सामान्य सूचना मात्रै डिस्प्ले भइरहेका छन् । उक्त प्रविधिलाई पूर्णता दिई सञ्चालनमा ल्याउन विभागले गतवर्ष जाइका एक्सपोर्टस् टिमलाई अध्ययन स्वीकृत दिएको थियो ।



थाहा नगरपालिकामा घरको आँगनमा बसेर वृद्धवृद्धा बाँसको चौयाबाट घरेलु प्रयोगमा आउने थाली बनाउँदै । थाहा-२ इन्द्रायणी वस्ती (देउला गाउँ)का यी मेहनती दम्पतीको दिनचर्या यसरी नै बित्ने गरेको छ र कमाई पनि गरिरहेका छन् । इन्द्रायणी बस्तीका पूर्णसिं देउला र उनकी श्रीमती मंगलमाया फुर्सद् हुनेवित्तिकै निगालोको ढक्की, कँडाली, बल (निगार छान्ने) बुन्न थाली हाल्छन् । विगतमा पालुङको इन्द्रायणी बस्तीमा घरैपिच्छे यो काम पेशाकै रुपमा गरिन्थ्यो । यी दम्पत्तीले एकै दिन ५ वटासम्म ढक्की/कँडाली बुन्न भ्याउँछन् । कतिपय घरैबाट बिक्री हुन्छन् । बाँकी भएका सामग्री काठमाडौं लगेर बेचेर आउने गरेको सुनाए । उनीहरुले एउटा ढक्की ५ सयदेखि माथिको मूल्यमा बेच्ने गरेको सुनाए ।

*तस्बिर सौजन्य: गणेश विष्ट*

# हेटौंडा अस्पतालमा अब मोबाइलबाटै टिकट


साझाकुरा संवाददाता

हेटौंडा, १ साउन/ हेटौंडा अस्पतालमा ओपीडी टिकट काट्न घण्टौंसम्म लाइन बस्नुपर्ने समस्याको समाधानका निम्ति मोबाइल एपबाट टिकट काट्ने व्यवस्था मिलाइएको छ ।

अस्पतालमा स्वास्थ्य बिमाबाहेक अस्पतालको ओपीडी टिकट मोबाइलबाटै काट्न सकिने भएको हो । मोबाइल एपबाट स्वास्थ्य बिमाको टिकट भने काट्न नपाइने जनाइएको छ । बिमा बिरामीको हकमा भने केही दिनपछि मात्रै मोबाइलबाट टिकट काट्न सक्ने व्यवस्था मिलाइने अस्पतालले जनाएको छ । यसअघि घण्टौंसम्म लाइन बसेर टिकट काट्नुपर्ने बाध्यता बिरामीलाई थियो । अब पैसा तिरेपछि मोबाइलबाटै टिकट काट्न सकिने भएको अस्पताल व्यवस्थापन समिति सदस्य उत्सव चौलागाईले बताए ।

आइतबारबाट बिरामीले मोबाइलबाटै आफूलाई चाहिने चिकित्सकीय सेवाको ओपीडी टिकट पाएका हुन् । टिकट काट्न हेटौंडा हस्पिटल एप मोइबालमा डाउनलोड गर्नु पर्नेछ । हस्पिटलको एपमा सम्बन्धित व्यक्तिले सम्पूर्ण व्यक्तिगत विवरण भर्नु पर्नेछ । सेवाको बारे नागरिकलाई बुझाउन अस्पताल परिसरमा हेल्प डेस्कको समेत स्थापना गरिएको छ । बिरामी र बिरामीका आफन्तलाई अनलाइनबाट टिकट कसरी काट्ने र कसरी पैसा तिर्ने भन्ने सिकाउनको लागि डेस्क राखिएको अस्पतालले जानकारी दिएको छ ।

हस्पिटलको एपमा स्वास्थ्यसम्बन्धी समस्या, चिकित्सकलाई भेट्ने समय छनौट, नयाँ बिरामी वा पुरानोबारे खुलाउनु पर्ने हुन्छ । पुरानो बिरामीअर्थात् पुन: जाँचको लागि टिकट काट्नु परेमा पहिलाकै ओपीडी नम्बर राख्नुपर्ने हुन्छ । एपबाटै ओपीडी टिकटको शुल्क तिर्नुपर्ने अस्पतालले जनाएको छ । टिकट लिनको लागि ४ वटा माध्यम आईएमई-पे, कनेक्ट आईपीएस , ई-सेवा र खल्ती एप प्रयोग गरेर रकम तिर्न सकिने व्यवस्था गरिएको छ । सबै प्रक्रिया पूरा भएपछि बिरामीले छनौट गरेको मितिमा सम्बन्धित स्वास्थ्य समस्याको चिकित्सक बस्ने कोठामा टिकट पुग्ने अस्पतालले जनाएको छ ।




अस्पतालका मेडिकल सुपरिटेण्डेन्ट डा. रामचन्द्र सापकोटाले अस्पतालको सेवा सुधारका कामहरु भइरहेको जानकारी दिए । सेवाग्राहीलाई कसरी सहज सेवा प्रदान गर्न सकिन्छ भनेर अस्पताल प्रशासन लागिपरेको उनले बताए । उनका अनुसार गर्मी समयमा लाइन बसेर टिकट काट्नुपर्ने समस्यालाई तत्काल समाधान गर्ने गरी मोबाइल एपबाट टिकट काट्ने व्यवस्था मिलाइएको उनले बताए । पछिल्लो समय बिरामीको चाप बढेकाले सहज सेवा दिन समस्या भएको बताउँदै सापकोटाले निकट भविष्यमा सम्पूर्ण व्यवस्थापनले बिरामीलाई खुशी तुल्याउने दाबी गरे । नयाँ भवन निर्माणसँगै बिरामीको लाइन बस्नुपर्ने समस्या हट्ने बताए ।

# अर्काको चेकबाट १० लाख झिक्ने पत्रकार पक्राउ

साझाकुरा संवाददाता

हेटौंडा, १ साउन/ बाटोमा भेटेको चेकको दुरुपयोग गरी नक्कली हस्ताक्षर र छाप हानेर करिब साढे १० लाख पैसा झिक्ने मकवानपुरका एक पत्रकार पक्राउ परेका छन् ।

काठमाडौंमा बसेर पत्रकारिता गर्दै आएका जिल्लाको उत्तरी क्षेत्रस्थित थाहा नगरपालिका घर भएका बासुदेव अर्यालले बाटोमा भेटेको चेकको आधारमा बैंकबाट अर्को चेक झिकेर पैसा निकालेको आरोपमा पक्राउ परेका हुन् । थाहा नगरपालिका स्थायी घर भई हाल ललितपुरको सातदोबाटो बस्दै आएका आरोपित २१ वर्षीय अर्याल काठमाडौं स्वयंभूमा रहेको तीखोकलम डटकम नामक अनलाइनमा काम गर्दै आएका छन् । तीखो कलम अनलाइनको प्रिन्ट लाइनमा संवाददाताको भूमिकामा उनको नाम छ । उनले बोक्ने सूचना विभागको पत्रकार परिचयपत्र पनि प्रहरीले नियन्त्रणमा लिएको छ ।



अर्याल अर्कैको नाममा रहेको चेकबाट १० लाख ३५ हजार पैसा झिकिसकेपछि पक्राउ परेको काठमाडौं प्रहरी परिसरले जानकारी दिएको छ । अर्यालले त्रिपुरेश्वरमा रहेको फल्कोनाइड इन्पोर्ट एन्ड एक्सपोर्ट प्रालिको नाममा रहेको एसबीआई बैंकको हस्ताक्षरसहितको चेक बाटोमा भेटेका थिए । सात लाख रुपैयाँ उल्लेख भएको उक्त चेक नसाटिएपछि अर्यालले नक्कली छाप र हस्ताक्षर प्रयोग गरेर उक्त बैंकबाट नयाँ चेकबुक जारी गर्न लगाएको प्रहरीले जानकारी दिएको छ । उक्त चेक हराएपछि सम्बन्धित व्यक्तिले बैंकमा पुगेर तत्काल चेक रद्द गराएको प्रहरीको प्रारम्भिक अनुसन्धानबाट खुलेको छ ।

पेप्सीकोलामा रहेको एसबीआई बैंकले पनि दुरुस्तै छाप र हस्ताक्षर देखेपछि चेक जारी गरेको प्रहरीले जनाएको छ । अर्यालले चेकबाट पैसा निकाल्न चलाखीपूर्ण तरिका अपनाएको प्रहरी अनुसन्धानबाट खुलेको छ । उनले अर्कै व्यक्तिको नामबाट पैसा झिकेको पाइएको छ । सौरभ डंगोलको नाम गरेको सवारी चालक अनुमति पत्र (लाइसेन्स) बाटोमा फेला परेका अर्यालले उनकै नामबाट पैसा झिकेको खुलेको हो ।

## वडा सदस्यको गाडीले ठक्कर दिँदा सेनाको मृत्यु

चितवन (रासस)/ भरतपुर महानगरपालिका-१९ का वडा सदस्य राजकुमार गुरुङको गाडीले ठक्कर दिँदा नेपाली सेनाका अमल्दारको मृत्यु भएको छ ।

मङ्गलपुरबाट रामपुरतर्फ जाँदै गरेको गुरुङ चढेको ग. २ च ९०६२ नं. को गाडीले भरतपुर महानगरपालिका-१५ शीतलचोक नजिक विपरीत दिशाबाट आउँदै गरेको बा. ३३ प १४५५ नं.को मोटर साइकललाई ठक्कर दिएको थियो । जिल्ला प्रहरी कार्यालय चितवनका अनुसार गाडीको ठक्करबाट मोटर साइकलमा सवार कालीबहादुर गणमाकार्यरत् अमल्दार तनहुँको व्यास नगरपालिका-१२ घर भएका ३३ वर्षीय सुरज गुरुङको मृत्यु भएको हो । उनको उपचारका क्रममा चितवन मेडिकल कलेजमा मृत्यु भएको प्रहरीले जनाएको छ ।

कार र चालक वडा सदस्य प्रहरीको नियन्त्रणमा रहेका छन् । वडा सदस्य गुरुङले मादक पदार्थ सेवन गरेको पाइएको कार्यालयका प्रहरी नायब उपरीक्षक रबिन विष्टले जानकारी दिए । पक्राउ परेका गुरुङ हालै मात्रै नेकपा (एमाले)बाट वडा सदस्यमा निर्वाचित भएका हुन् ।

## नदीमा हामफालेकी महिलाको उद्दार

कञ्चनपुर (रासस)/ कृष्णपुर नगरपालिकास्थित मछेली नदीमा हाम फालेकी २५ वर्षीय महिलाको आज उद्धार गरिएको छ । गुलरियाकी लक्ष्मी जोशीलाई नदीमा अर्धनग्न र अर्धचेतन अवस्थामा स्थानीयवासीले देखेपछि प्रहरीलाई खबर गरेका हुन् ।

प्रहरीले महिलाको उद्धार गरी उपचारका लागि वाणीस्थित अस्पतालमा भर्ना गरेको छ । इलाका प्रहरी कार्यालय गुलरियाका प्रहरी वरिष्ठ नायब निरीक्षक राधाकृष्ण नाथका अनुसार महिला अहिले होसमा आइसकेकी छन् । उहाँका अनुसार महिलाका श्रीमान्ले मदिरा सेवन गरी घरमा तनाव दिने गरेका कारण महिलाले नदीमा हामफालेकी बताएकी छन् । उद्धार गरिएकी महिलालाई परिवारको जिम्मा लगाइने प्रहरीले बताएको छ ।

# सञ्चालनमा आयो 'हेल्दी होम टिफिन'

साझाकुरा संवाददाता

हेटौंडा, १ साउन/ हेटौंडामा स्वस्थ खाजा उपलब्ध गराउने उद्देश्यले हेल्दी होम टिफिन सञ्चालनमा आएको छ । हेटौंडा-४ सानो पोखरा चोकनजिक हेल्दी होम टिफिन खुलेको हो ।

हेटौंडा उपमहानगरपालिकाको नगर प्रमुख मिनाकुमारी लामा र हेटौंडा-१ का वडा अध्यक्ष तथा उपमहानगरका प्रवक्ता सविन न्यौपानेले संयुक्तरुपमा हेल्दी होमको आइतबार उद्घाटन गरेका छन् । ७ दिन सात प्रकारका शाकाहारी र मांशाहारी खाना बनाएर होम डेलिभरी गरिने हेल्दी होम टिफिनका सञ्चालक श्यामप्रसाद नेपालले जानकारी दिए । उनले अर्डर अनुसार सभा, सम्मेलन र गोष्ठीमा पनि खाजा पुऱ्याइने व्यवस्था रहेको बताए । हालको लागि मांशाहारी खाना/खाजा सेटको मूल्य एकसय ५० रुपैयाँ र शाकाहारीलाई एकसय रुपैयाँ तय गरिएको हेल्दी होम टिफिनका अर्का संचालक श्रीजना नेपालले बताइन् ।



'हाम्रो व्यस्त दैनिकी जिवनमा खानपानमा ध्यान नदिँदा स्वास्थ्यमा समस्या देखापर्न थालेको कुरा आफूले स्वयम् अनुभव गरेको छु', सञ्चालक नेपालले भनिन्- 'डाइटिसियनको सल्लाहबमोजिम स्वस्थ र स्वादिष्ट दुबैलाई समेटेर हेल्दी होम टिफिन संचालनमा ल्याएका हौं ।'

# अखिल नेपाल ट्रेड युनियनमा घिमिरे

साझाकुरा संवाददाता

हेटौडा, १ साउन/ नेकपा माओवादी केन्द्रनिकट अखिल नेपाल ट्रेड युनियन महासंघ मकवानपुरको जिल्ला भेला भएको छ ।

भेलाले रामशरण घिमिरेको अध्यक्षतामा २१ सदस्यीय नयाँ कार्यसमिति चयन गरेको हो । समितिको उपाध्यक्षहरुमा रवीन्द्र केसी र मनकुमार लामा, सचिवमा ज्ञानेन्द्र लामिछाने, सहसचिवमा बेली दोङ र कोषाध्यक्षमा शुक्रपति दाहाल चयन भएका छन् । सदस्यमा शंकर बिडारी, पूर्ण घलान, ईश्वर छत्कुली, ठाकुरदत्त खतिवडा, जयराम धिताल, नकुल अगस्ती, गोमा न्यौपाने, पञ्चबहादुर पाखिन र दीपक थोकर छन् ।



युनियनका जिल्ला अध्यक्ष गंगाप्रसाद भट्टराईको सभाध्यक्षतामा भएको कार्यक्रममा माओवादी केन्द्र बागमती प्रदेश उपाध्यक्ष प्रेमबहादुर पुलामी, पार्टी मकवानपुर संयोजक सर्केश घलान, महासंघका केन्द्रीय अध्यक्ष जगत सिम्खडा, उपाध्यक्ष धनबहादुर विक, प्रदेश इन्चार्ज प्रकाश श्रेष्ठ, प्रदेश अध्यक्ष शिव पोखरेललगायतको आतिथ्यता थियो ।

## गर्मीमा पढाई रोक्न निर्देशन

हेटौंडा, १ साउन/ हेटौंडामा विगत केही दिनदेखि गर्मी बढेसँगै विद्यार्थीको स्वास्थ्यमा प्रत्यक्ष असर परिरहेको भन्दै पढाई बन्द गर्न विद्यालयलाई निर्देशन दिइएको छ ।

हेटौंडा उपमहानगरपालिका-८ वडा कार्यालयले गर्मी बढेसँगै विद्यार्थीमा स्वास्थ्य समस्या देखिन थालेको भन्दै दुई दिन पढाई बन्द गर्न आइतबार सूचना जारी गर्दै निर्देशन दिएको हो । जारी सूचनामा आइतबार र सोमबार वडाभित्रका विद्यालय बन्द गर्न निर्देशन दिइएको वडा अध्यक्ष रामकृष्ण थापाले जानकारी दिए । हेटौंडा उपमहानगरपालिकाभित्र यसअघि भएको प्रधानाध्यापकहरुको बैठकले १ साउनदेखि २२ गतेसम्म बर्षायामको विदा दिने निर्णय गरेको थियो । तर, अधिकांश विद्यालयले उक्त निर्णयको कार्यान्वयन गरेका छैनन् ।

निर्णयको अटेर गर्नेमा संस्थागत विद्यालय छन् । सामुदायिक र संस्थागत विद्यालयमा उक्त निर्णय लागू हुने भएपछि संस्थागत विद्यालयहरुले विद्यार्थीलाई गर्मीमै गुम्साएर पढाइरहेका छन् । नगरभित्रका सामुदायिकदेखि संस्थागत विद्यालयमा गर्मीबाट जोगिने पूर्वाधार छैन । ईसीडीदेखि १० कक्षासम्मका विद्यार्थी गर्मीमै समस्याबीच पठनपाठन गर्न बाध्य छन् ।

## विशेष नागरिक पुरस्कार

काठमाडौं (रासस)/ सामाजिक रूपान्तरणका लागि नागरिक समाजको १६ औँ वार्षिकोत्सवका अवसरमा कला, साहित्य, सङ्गीत र पत्रकारिता विधामा 'विशेष नागरिक पुरस्कार तथा सम्मान-२०७९' प्रदान गरिएको छ ।

स्वास्थ्य तथा जनसंख्यामन्त्री भवानीप्रसाद खापुङबाट सामाजिक रूपान्तरणमा विशेष योगदान पुऱ्याउने व्यक्तित्व तथा राष्ट्रव्यापी प्रतियोगितामा सहभागी हुने प्रतियोगिताका विजेतालाई सो सम्मान तथा पुरस्कार प्रदान गरिएको हो ।

# बुद्ध क्लबद्वारा स्वास्थ्य केन्द्रलाई एम्बुलेन्स

साझाकुरा संवाददाता

हेटौंडा, १ साउन/ बकैयाको बुद्ध युवा क्लबले आफूले सञ्चालन गर्दै आइरहेको एम्बुलेन्स स्थानीय स्वास्थ्य केन्द्रलाई हस्तान्तरण गरेको छ ।

क्लबले आइतबार हात्तिसुँढे आधारभूत स्वास्थ्य केन्द्रलाई एम्बुलेन्स हस्तान्तरण गरेको हो । क्लबका अध्यक्ष बिजय लामाले गाउँपालिका अध्यक्ष धर्मराज लामिछानेलाई एम्बुलेन्सको साँचो हस्तान्तरण गरे । क्लबले २०७३ सालमा सरकारले भन्सार छुट दिएपछि ९ लाख २६ हजारमा एम्बुलेन्स खरिद गरेको थियो ।

पूर्वीक्षेत्रका बिरामीलाई अस्पतालसम्म ल्याउन क्लबले सप्ताह ज्ञान महायज्ञबाट उठेको सहयोग रकमबाट एम्बुलेन्स खरिद गरेको थियो । क्लबले २०७३ यता निरन्तर एम्बुलेन्स सेवा सञ्चालन गर्दै आइरहेको अध्यक्ष लामाले बताए ।

सरकारले एम्बुलेन्स सञ्चालन निर्देशिका-२०७८ ल्याउँदै स्वास्थ्य संस्थाबाहेकका निकायले एम्बुलेन्स सञ्चालन गर्न नपाउने नीति बनाएको थियो । उक्त नीतिका अनुसार क्लबले एम्बुलेन्स सञ्चालन गर्न नमिल्ने भएपछि स्वास्थ्य केन्द्रलाई हस्तान्तरण गरिएको अध्यक्ष लामा बताउँछन् ।



'क्लब वा स्वास्थ्य केन्द्र जसले गरेपनि समुदायमा परेको अप्ठेरोमा हातेमालो गर्ने हो । बिरामीलाई सेवा दिने एउटै उद्देश्य भएकाले हामीले एम्बुलेन्स दिएका हौं', लामाले भने । उनले स्वास्थ्य केन्द्रलाई एम्बुलेन्स सञ्चालनमा क्लबले निरन्तर सहयोग पुऱ्याउने प्रतिबद्धता जनाए ।

आइतबार एम्बुलेन्स हस्तान्तरण कार्यक्रममा बकैया गाउँपालिका उपाध्यक्ष भक्तबहादुर खत्री, पालिकाका प्रमुख प्रशासकीय अधिकृत लक्ष्मण पुडासैनी, स्वास्थ्य शाखा संयोजक फटिकरमण प्याकुरेल, ३ नम्बर वडाका अध्यक्ष भुमलसिं घलानलगायतको आतिथ्यता थियो । बकैया र बागमती गाउँपालिकामा स्वास्थ्य केन्द्रमात्रै सञ्चालित छन् । सुविधा सम्पन्न अस्पताल नहुँदा पूर्वीक्षेत्रका जटिल बिरामीलाई हेटौंडा वा अन्यत्र जिल्ला लैजानुपर्ने बाध्यता छ । विगतमा बकैया र बागमतीका सबै क्षेत्रमा सडक नपुग्दा बिरामीहरुले सस्ती भोग्दै आएका थिए । २०७४ यता स्थानीय तह आएपछि गाउँका अधिकांश क्षेत्रमा सडक पुगेको छ ।

# सनराइज बैंकमा मेहेन्दी कार्यक्रम


हेटौंडा, १ साउन/ हेटौंडा उपमहानगरपालिका-४, कान्तिराजपथमा रहेको सनराइज बैंकले साउनको पहिलो दिनमा मेहेन्दी कार्यक्रमको आयोजना गरेको छ ।

हरेक वर्ष साउनमा मेहेन्दी कार्यक्रम गर्दै आएको बैंकले आइतबारपनि मेहेन्दी कार्यक्र आयोजना गरेको थियो । बैंकले सनराइज मेहेन्दी उत्सव-२०७९ कार्यक्रम गरेको हो । साउनमा मेहेन्दीले सजाऔं हात सनराइज बैंकको साथ भन्ने भावका साथ मेहेन्दी कार्यक्रम गरिएको बैंकका अप्रेशन म्यानेजर अजय हुमागाईले बताए । हेटौंडा शाखामा मेहेन्दी कार्यक्रममा ४२ जनाले सहभागिता जनाएको बैंकले जनाएको छ ।











साझाकुरा राष्ट्रिय दैनिकका लागि **सविन न्यौपाने**द्वारा प्रकाशित, सम्पादक: **सरला खनाल**, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, **मुद्रण:** सफल छापाखाना